# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम.एड.) द्वितीय बर्षको आंशिक
आवश्यकता परिपूर्तिका लागि
प्रस्तुत

**शोध-पत्र**


प्रस्तुतकर्ता

विना शर्मा

क्याम्पस क्रमाङ्क : ९८

परीक्षा क्रमाङ्क : २०४००८०/२०६८

त्रि.वि.दर्ता नं. ६-२-२-१०५९-२००३

कनकाई बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुरुङ्गा, झापा


२०७२

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/०९/१५

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **विना शर्मा**ले मेरो प्रत्यक्ष निर्देशनमा **सामुदायिक विद्यालयमा बालमैत्री कक्षा वयवस्थापन** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(गोपीकृष्ण भट्टराई)

शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/१०/०३

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **विना शर्माले सामुदायिक विद्यालयमा बालमैत्री कक्षा वयवस्थापन** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी ....................

विभागीय प्रमुख

२. गोपीकृष्ण भट्टराई ....................

शोध निर्देशक

३. उप-प्रा. शेषराज अधिकारी ....................

वाह्य परीक्षक

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय अन्तरगत कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा झापाको स्नात्तकोतर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि यो शोधपत्र तयार गरिएको छ । सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन विषयमा झापाका विभिन्न पाँचवटा विद्यालयमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा शोध प्रस्तावनाको रुपरेखा तयार गर्नेदेखि लिएर शोधपत्रको अन्तिम रुप प्रदान गरुञ्जेलसम्म आवश्यक निर्देशन, सल्लाह र सुझाव गरिदिनुहुने शोध निर्देशक आदरणीय गुरु श्री गोपीकृष्ण भट्टराईज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोध कार्यलाई अगाडि बढाउनका लागि आवश्यक वातावरण मिलाई विभागीय स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटीज्यू र विभागका आदरणीय गुरुहरुप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अध्ययनको क्रममा नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, अभिभावक, शिक्षक, विद्यार्थी कर्मचारीहरु जसले यस कार्यका लागि आफ्नो अमूल्य समय प्रदान गरी सूचना र तथ्याङ्क उपलब्ध गराई शोध पत्र तयार गर्न यथेष्ट सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको तयारीको क्रममा भाषिक शुद्धिकरणका टङ्कन गरी शोधपत्र तयारीमा अन्तिम रुप दिन

आवश्यक सहयोग पुऱ्याउनु हुने वशिष्ठ कम्प्यूटर डिजाइनिङ्ग सेन्टरका दुर्गा लुइटेललाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

विना शर्मा

# *शोधसार*

*त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधिको प्रयोजनार्थ सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन शीर्षकमा प्रस्तुत अध्ययन कार्य सम्पन्न गरिएको छ । यस अध्ययनको उद्देश्यहरू बालमैत्री कक्षा व्यवस्थापनको वर्तमान अवस्था लेखाजोखा गर्नु, असल बालमैत्री कक्षा व्यवस्थापनको आवश्यक तत्वहरूको खोजी गर्नु, बालमैत्री कक्षा व्यवस्थापनको चुनौतीहरू पत्ता लगाउनु र बालमैत्री कक्षा व्यवस्थापनलाई प्रभावकारी रुपमा बालमैत्री बनाउने उपायहरूको खोजी गर्नु रहेको छ । अध्ययनको क्रममा फ्रोबेलको बाल बगैंचा र मन्टेश्वरीको बालगृह शैक्षिक विधिलाई सैद्धान्तिक आधारको रुपमा लिइएको छ ।*

*प्रस्तुत अध्ययन गुणात्मक र परिमाणात्मक दुवै विधिहरू भएकोले प्रस्तुत अध्ययन मिश्रित ढाँचामा आधारित रहेको छ । झापा जिल्लाको काँकरभिट्टा र बाहुण्डाँगी स्रोत अन्तर्गतको सामुदायिक विद्यालयलाई समेटिएको छ । प्राथमिक तथा द्वितीय दुवै स्रोतको तथ्याङ्क उपयोग गरिएको छ । शोधकार्यको तथ्याङ्क सङ्कलन शोधकर्ता स्वयम अध्ययन क्षेत्रमा गई प्रत्यक्ष सम्पर्क, अन्तरर्वार्ता प्रश्नावली, विद्यालय सर्वेक्षण फारम, स्थलगत अध्ययन तथा कक्षा अवलोकनबाट संकलित तथ्याङ्कलाई प्रष्ट पार्न तालिकाको प्रयोग गरिएको छ । उद्देश्यमूलक नमूना छनौट विधिबाट अध्ययन क्षेत्रका पाँच वटा विद्यालयका १/१ जना विद्यालय व्यवस्थापन अध्यक्ष, १/१ जना प्रधानाध्यापक, १/१ जना शिक्षक, २/२ जना विद्यार्थी गरी जम्मा २० जनालाई यस अध्ययनको नमूना जनसंख्याको रुपमा लिइएको छ । यो अध्ययनले उच्च माध्यमिक विद्यालय र निम्न माध्यमिक विद्यालयलाई समेटेको छ ।*

*बालमैत्री कक्षा व्यवस्थापन सम्बन्धी स्पष्ट नीति नियमको अभाव, कक्षा शिक्षणमा बालमैत्री व्यवहारको सट्टा शिक्षकहरूद्वारा दण्ड प्रणालीलाई अपनाउनु, तालिम प्राप्त सीपलाई व्यवहारमा ल्याउन नसक्नु, विद्यालय संख्याको आधारमा विनी र स्रोतव्यक्तिको व्यवस्थापन नुहुनु, निरन्तर अनुगमनमा कमी, प्रधानाध्यापकबाट निरीक्षण तथा सुपरीवेक्षण कार्यलाई महत्व नदिनु जस्ता चुनौति बालमैत्री कक्षा व्यवस्थापनमा रहेका छन् ।*

*प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रुपमा सुरक्षित, संवेगात्मक रुपमा रमाइलो, मनोवैज्ञानिक रुपमा उच्च मनोवल महसुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ । यसलाई व्यवहारमा उतार्न खोजे पनि सम्बन्धित पक्षको सोचाई र गराईमा खासै परिवर्तन आउन नसकेकोले गर्दा अपेक्षित लक्ष्य हासिल गर्न सकेको पाइएन ।*

*बालमैत्री कक्षाका विद्यार्थी र शिक्षक बीचको आपसी सम्बन्ध कक्षामा विद्यार्थीको सक्रियता, कक्षाकोठा व्यवस्थापन, व्यवहारमा परिवर्तन जस्ता पक्षको सुरुवात भएको अनुसन्धानमा पाइएको छ ।*

*प्रत्येक विद्यालयमा बालमैत्री कक्षा हुनु अति आवश्यक छ । बालमैत्री व्यवस्थापनका लागि न्यूनतम आधारहरू निर्माण गर्न नीतिगत प्रावधान हुनुपर्ने, शिक्षकलाई दण्ड रहित दण्ड प्रणली अपनाई विद्यार्थीलाई बालमैत्री व्यवहार गरी शिक्षा प्रदान गर्ने, विद्यालयमा शिक्षकहरूलाई तालिमको व्यवस्था गर्ने, विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूलाई सक्रिय तथा जिम्मेवार बनाउनु पर्ने उपाय सुझाइएको छ ।*

*विद्यार्थीको नियमितता बढाउन, बीचैमा कक्षा छाड्ने दरमा सुधार ल्याउन, कक्षा दोहोऱ्याउने संख्यामा कमी ल्याउन, विद्यालयमा विद्यार्थी टिकाई राख्न, बालमैत्री कक्षा सञ्चालन गरे तापनि खासै सुधार नभए तापनि यसलाई सकारात्मक रुपमा महसुस गर्दै सबै पक्षबाट सहयोग गर्नुको साथै प्रधानाध्याप, शिक्षक, अभिभावकको सोच तथा व्यवहारमा परिवर्तन गर्नुपर्ने सुझाव पेश गरिएको छ ।*

*विना शर्मा*

# बिषयसूची


| क.स. | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|
| १. | सिफारिस पत्र | |
| २. | स्वीकृति पत्र | |
| ३. | कृतज्ञता | |
| ४. | शोधसार | |
| | **परिच्छेद-एक : परिचय** | **१-९** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनको उद्देश्यहरू | ८ |
| १.५ | अनुसन्धानात्मक प्रश्न | ९ |
| १.६. | अध्ययनको परिसीमा | ९ |
| | **परिच्छेद-२ : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | **१०-१५** |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलो | १० |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १४ |
| २.३ | अध्ययनको उपादेयता | १५ |
| | **परिच्छेद-तिन : अध्ययन विधि** | **१६-१८** |
| ३.१ | अनुसन्धान ढाँचा | १६ |
| ३.२ | जनसंख्या र नमूना | १६ |
| ३.२.१ | जनसंख्या | १६ |
| ३.२.२ | नमूनाको आकार | १६ |
| ३.२.३ | नमूना छनौट प्रक्रिया | १७ |
| ३.३ | तथ्याङ्क स्रोत | १७ |
| ३.४ | तथ्याङ्क सङ्कलनका साधनहरू | १७ |
| ३.५ | तथ्याङ्क संकलन प्रक्रिया | १८ |
| ३.६ | तथ्याङ्क विश्लेषण प्रक्रिया | १८ |

**परिच्छेद चार : नतिजाको विश्लेषण १९-३४**


| | | | |
|---|---|---|---|
| ४.१ | | बालमैत्री कक्षाकोठा व्यवस्थापनको अवस्था | १९ |
| | ४.१.१ | बसाई तथा भौतिक व्यवस्थापन | १९ |
| | ४.१.२ | कक्षाकोठामा शिक्षण सिकाई व्यवस्थापन | २० |
| | ४.१.३ | कक्षाकोठाको सरसफाई तथा स्वस्थ वातावरण | २० |
| | ४.१.४ | कक्षाकोठा व्यवस्थापनमा समितिको भूमिका | २१ |
| | ४.१.५ | कक्षाकोठामा प्रधानाध्यापकको भूमिका | २२ |
| ४.२ | | असल बालमैत्री व्यवस्थापनको कारक तत्वहरू | २३ |
| | ४.२.१ | कक्षाकोठाको वातावरण | २३ |
| | ४.२.२ | शिक्षक विद्यार्थीको सम्बन्ध | २३ |
| | ४.२.३ | शिक्षण सिकाई क्रियाकलाप | २४ |
| | ४.२.४ | विद्यार्थी नियन्त्रण प्रक्रिया | २४ |
| | ४.२.५ | शिक्षण सामग्री | २४ |
| | ४.२.६ | अभिभावकको भूमिका | २५ |
| | ४.२.७ | परीक्षामा सम्मिलित तथा कक्षा छाड्ने अवस्थामा सुधार | २६ |
| | ४.२.८ | विद्यार्थी उर्त्तीण सिकाई उपलब्धि तथा उपस्थिति | २७ |
| ४.३ | | बालमैत्री कक्षा व्यवस्थापनका चुनौति | २८ |
| | ४.३.१ | आर्थिक चुनौति | २९ |
| | ४.३.२ | तालिम प्राप्त शिक्षकको अवस्था | २९ |
| | ४.३.३ | पेशाप्रतिको उत्तरदायित्व | २९ |
| | ४.३.४ | अनुगमन र सुपरिवेक्षण | ३० |
| | ४.३.५ | शारीरिक तथा मानसिक दण्ड | ३० |
| | ४.३.६ | विद्यालय समुदायको सम्बन्ध | ३० |
| | ४.३.७ | अभिभावकको सोच | ३० |
| | ४.३.८ | स्वास्थ्य खानेपानी तथा शौचालय | ३१ |
| | ४.३.९ | पुस्तकालयको व्यवस्था | ३१ |

| | | | |
|---|---|---|---|
| | ४.३.१० | भाषिक कठिनाई | ३१ |
| ४.४ | | कक्षा व्यवस्थापनलाई प्रभावकारी रुपमा बालमैत्री बनाउने उपाय | ३१ |
| | ४.४.१ | आर्थिक अवस्था सुधार्ने | ३२ |
| | ४.४.२ | तालिम प्राप्त शिक्षकको व्यवस्थापन गर्ने | ३२ |
| | ४.४.३ | पेशाप्रतिको उत्तरदायित्व वहन गर्ने | ३२ |
| | ४.४.४ | अनुगमन र सुपरीवेक्षणको व्यवस्था गर्ने | ३२ |
| | ४.४.५ | दण्ड रहित वातावरणको व्यवस्थापन गर्ने | ३३ |
| | ४.४.६ | विद्यालय र समुदायको सम्बन्धमा सुधार गर्ने | ३३ |
| | ४.४.७ | ऐन नियमको व्यवथा र कार्यान्वयन गर्ने | ३३ |
| | ४.४.८ | स्वस्थ खानेपानी तथा शौचालयको व्यवस्था गर्ने | ३४ |
| | ४.४.९ | पुस्तकालयको व्यवस्था गर्ने | ३४ |
| | ४.४.१० | मातृभाषा पढाउन योग्य शिक्षकको व्यवस्था गर्ने | ३४ |
| | | **परिच्छेद पाँच : निष्कर्ष र सुझाव** | **३५-३८** |
| ५.१ | | निष्कर्ष | ३५ |
| ५.२ | | सुझावहरू | ३७ |
| | ५.२.१ | नीतिगत तह | ३७ |
| | ५.२.१ | कार्यान्वयन तह | ३८ |
| | ५.२.३ | अनुसन्धान तह | ३९ |
| | | सन्दर्भग्रन्थ सूची | |
| | | अनुसूचीहरु | |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिसको व्यक्तित्व विकास तथा जीवनको तयारी शिक्षाले गर्दछ । यस अलावा शिक्षाले नै सामाजिक तथा आर्थिक विकासको काम पनि गर्दछ । यसै कारण विश्वका अधिकांश मुलुकहरूको शिक्षण आम नागरिकको पहुँच बढाउन र शिक्षालाई गुणस्तर बनाउन विविध प्रयासहरू गरिरहेका छन् । "सबैका लागि शिक्षा" र सहस्राब्दी "विकासका लक्ष्य" जस्ता अन्तर्राष्ट्रिय प्रतिवद्धता यस्ता प्रयासका उदाहरणहरू हुन. । नेपालमा पनि सोही अनुरुप विविध कार्यक्रमहरू भइरहेका छन् । नेपाल सरकारले सबै बालबालिकालाई शिक्षा पाउनु पर्छ भन्ने कुरामा जोड दिइएको छ । यस कुरामा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा धेरै प्रयासहरू भएका छन् ।

सन् १९५० मा श्रीलङ्काको राजधानी कोलोम्बोमा कोलोम्बो योजनाको स्थापना गरिएको थियो । यस योजनाले कृषि उद्योग शिक्षा प्रविधिको विकासमा मुलकलाई उपयुक्त ऋण सहयोग प्रदान गर्नुको साथै प्राविधि सहयोग र वैयक्तिक उन्नतिका लागि अवसर प्रदान गरेका थियो । कोलोम्बो योजनाले प्राथमिक शिक्षालाई सन् १९६५ देखि १९७५ सम्म सर्वव्यापी पार्ने लक्ष्य तोकेको थियो । कराचीमा शिक्षा सम्बन्धी कराची सम्मेलन पनि सन् १९९० भन्दा पहिले नै प्राथमिक शिक्षालाई सर्वव्यापी पार्न प्रस्ताव पारित गरेको थियो । भारतको राजधानी नयाँ दिल्लीमा १४ डिसेम्बर १९९३ मा राष्ट्र संघले शिक्षा सम्मेलनको आयोजना गरको थियो । यस सम्मेलनमा जनघनत्व बाक्लो भएको मुलुकहरूले निरक्षर समूहलाई कसरी आधारभूत शिक्षा दिने बारे छलफल गरेको थियो । चीन, वंगलादेश, पाकिस्तान, भारत र इण्डोनेसियाले सन् २००० सम्म प्राथमिक शिक्षा अनिवार्य गराउने बाचा गरेका थिए ।

आजको विश्वमा शिक्षा मानवको नैसर्गिक अधिकारको रुपमा स्थापित भइसकेको छ । हरेक नागरिकको अधिकार संरक्षण गर्नुपर्ने राज्यको दायित्व हो । यही कुरालाई मनन गरी नेपाल सरकारले शिक्षामा सबैको पहुँच पुऱ्याउने कोशिस गरेको छ । नेपाल सरकारले सबै बालबालिकाले शिक्षा पाउनु पर्छ भन्ने कुरामा जोड दिइएको छ । यस कुरामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा धेरै प्रयास भएका छन् । सन् २०००

को अप्रिल महिनामा सेनेगलको डकारमा सबैका लागि शिक्षा सम्मेलनको अवसरमा नेपालले पनि प्रतिबद्धता जाहेर गरेको थियो । सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको प्रतिबद्धता पूरा गर्न नेपाल सरकारले विभिन्न कार्यक्रमहरू अगाडि सारेको छ । नेपाल सरकारले भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम ल्याएता पनि प्राथमिक कक्षा दोहोऱ्याउने तथा बीचैमा कक्षा छोड्नेको संख्यामा खासै सुधार हुन सकेको छैन ।

बालबालिकाको शिक्षा, स्वास्थ्य, शारीरिक, सामाजिक तथा संवेगात्मक विकासका लागि उपयुक्त वातावरण बनाउनु सरकारको कर्तव्य हो । आजको बालबालिका नै भोलिका कर्णधार हुन् । यिनैको भविष्यसँग देशको भविष्य जोडिएको हुन्छ । बालबालिकालाई भयमुक्त वातावरण सिर्जना गराइ उनीहरूलाई विद्यालयमा आकर्षण गराउन बालमैत्री वातावरण आवश्यक पर्छ । बालमैत्री कक्षा व्यवस्थापनमा बालबालिकालाई हौसला स्वरुप स्यावासी पुरस्कार दिइन्छ भने बालबालिकालाई चाहना तथा बालमनोविज्ञानको आधारमा मित्रवत व्यवहार गरी कक्षा सञ्चालन गर्ने बालमैत्री कक्षा व्यवस्थापन हो । बालबालिकाको विशेष आवश्यकतालाई ध्यानमा राख्दै विना भेदभाव उनीहरू प्रतिको दायित्व गम्भीरतापूर्वक र सिर्जनात्मक ढंगबाट निर्वाह गरिने विद्यालयलाई बालमैत्री विद्यालको रुपमा चिनिन्छ । बालबालिकाको उमेर, स्तर र अवस्था अनुसार सिक्ने सिकाउने प्रक्रियालाई उनीहरूका निम्ति सजिलो, रमाइलो र सुहाउने गरी अपनाइन्छ । जहाँ बालबालिकाले भौतिक तथा सामाजिक रुपमा सुरक्षित महसुस गर्छन र जसमा सिक्ने सिकाउने तरिका लगायत बालबालिकाको सम्बन्ध, अनुशासन कायम जस्ता कुराहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिइन्छ । प्रत्येक विद्यार्थीलाई आफूलाई भौतिक रुपमा सुरक्षित, संवेगात्मक रुपमा रमाइलो, मनोवैज्ञानिक रुपमा मनोवल उच्च गराउने वातावरण भएको विद्यालयलाई नै बालमैत्री विद्यालय भनिन्छ (भट्टराई, लुइटेल र अन्य २०६२) । तसर्थ दण्डलाई निरुत्साहित गरी विद्यालयमा बालमैत्री वातावरण कायम गर्ने कार्य सबैले गर्न आवश्यक महसुस गरिएको छ ।

बालबालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकूलको सिकाइ वातावरण तयार गरिन्छ । बालबालिकाहरूका अन्तरनिहित क्षमताको विकास

गरिन्छ । बालबालिकाहरूले शारीरिक, मानसिक एवं संवेगात्मक रुपले सुरक्षित तथा स्वस्थ वातावरण पाउँछन् । बालबालिकाको रुची, क्षमता र स्तरको कदर हुन्छ र सोही अनुसार उनीहरूको सिकाइको लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था हुन्छ । बालबालिकाहरूलाई उनीहरूको जात, लिङ्ग, धर्म, भाषा, आर्थिक स्तर, शारीरिक, मानसिक दुर्वलताका आधारमा भेदभाव विना विद्यालयमा भर्ना गरिन्छ । कुनै पनि प्रकारका भौतिक, शारीरिक एवं मानसिक दण्ड सजाय वर्जित हुन्छ र बालबालिकाहरूलाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रुपमा भइरहेको हुन्छ ।

बालमैत्री विद्यालयमा निम्न किसिमको व्यवस्थापन मिलाइएको हुन्छ :

**कक्षा कोठा व्यवस्थापन**

भुकम्प निरोधक, रंगरोगन सहितको कक्षाकोठा, प्लास्टर र रंगरोगन गरिएको भित्ता, पर्याप्त हावा, पानी र आवाज प्रुफ सिलिङ्ग भएको, ग्रील वा डण्डी भएको बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन महत्वपूर्ण पक्ष मानिन्छ । बालबालिकालाई कक्षाकोठामा बस्न सहज वातावरण हुनुपर्छ । भुईको चिसोबाट जोगिन कार्पेट र कुसनको व्यवस्था हुनुपर्छ । सजिलोसँग बसेर लेखपढ गर्न साना-साना टेवलको व्यवस्था हुनुपर्छ । कक्षाकोठाको भित्तामा उनीहरूले पढ्ने कुरा लेख्नु पर्दछ । जस्तै साना कक्षाका लागि स्वर तथा व्यञ्जन वर्ण, बाह्रखरी, संख्या, ए, वि, सि, डी, सम्बन्धित चित्र, बालगीतहरू । बालबालिकाले जुत्ता चप्पल, खेलौना, झोला, खाजा राख्ने उचित व्यवस्था हुनुपर्दछ । साना साना नानीहरूलाई कक्षामा सुत्ने व्यवस्था पनि हुनुपर्छ । झ्याल ढोका पनि विद्यार्थीले खोल्न र बन्द गर्न सक्ने सजिलो हुनुपर्छ । बालबालिकाले बनाएका चित्रहरूलाई भित्तामा टाँस्नु पर्छ नत्र डोरीमा झुण्डाएर पनि राख्न सकिन्छ । कक्षाकोठामा खेलसामग्रीहरू शैक्षिक सामग्रीहरू राख्ने उचित ठाउँ हुनुपर्छ । उपरोक्त व्यवस्था मिलाउन नै बालमैत्री कक्षा व्यवस्थापन हो ।

**स्वस्थ्य खानेपानीको व्यवस्थापन**

बालमैत्री विद्यालयमा विद्यार्थी संख्याको आधारमा पर्याप्त मात्रामा खानेपानीको व्यवस्था मिलाइएको हुन्छ । विद्यार्थीहरूले पुग्न सक्ने गरी धाराहरूको व्यवस्था गरिएको हुन्छ । कक्षाकोठामा फिल्टरको पनि व्यवस्था मिलाइएको हुन्छ ।

**सफा तथा व्यवस्थित शौचालय**

बालमैत्री विद्यालयमा विद्यार्थी संख्याको आधारमा सफा र व्यवस्थित शौचालयको व्यवस्थापन गरिएको हुन्छ । छात्रा, छात्र र शिक्षकको छुट्टाछुट्टै शौचालय हुन्छ । शौचालयमा पानीको राम्रो व्यवस्था हुनुपर्छ । धारा विद्यार्थीले पुग्ने ठाउँमा हुनुपर्छ । शौचालय सफा र स्वच्छ भएको हुन्छ । झ्याल ढोका सहितको चुक्कुल सजिलोसँग खोल्न र बन्द गर्न सक्ने खालको हुनुपर्छ ।

**खेल मैदान व्यवस्थापन**

खेलमैदान सफा सुग्घर, हरियाली, बालमैत्री र लैङ्गिक मैत्री भएको बालमैत्री विद्यालयमा विद्यार्थीको लागि ठुलो, खुला र फराकिलो चौरको व्यवस्था गरिएको हुन्छ । विद्यार्थीको उमेर अनुसारको खेलकुदको सामग्रीको व्यवस्था गरिएको हुन्छ । साना-साना नानीहरूलाई पनि खेल्ने अवसर प्रदान गरिएको हुन्छ । फुटबल खेल्न सकिने आकारको खेल मैदान, विद्यालयको हातामा चाकाचुली, पिङ, चिप्लेटी जस्ता सामग्रीको व्यवसथा गरिएको हुन्छ ।

**पुस्तकालय**

बालमैत्री विद्यालयमा बालबालिकाको उमेर अनुसारको रुची हुने विषय, कक्षा अनुसारको स्रोत, पुस्तक तथा शैक्षिक सामग्री व्यवस्था गरिएको हुन्छ । प्रत्येक कक्षाका विद्यार्थीहरूलाई समय मिलाई पालैपालो पुस्तकालयको अध्ययन गर्ने व्यवस्था मिलाइएको हुन्छ । पुस्तकालयमा बालबालिका रमाउने र अध्ययन गर्ने वातावरण सिर्जना गरिएको हुन्छ । विषयगत हिसाबले सान्दर्भिक पुस्तकहरूको अभिलेखीकरण र वितरण प्रणाली सहितको पुस्तकालय भएको, एक पटकमा ५० जनासम्मले अध्ययन गर्न सक्ने फर्निचर भएको हल, विषयगत पुस्तकका लागि छुट्टाछुट्टै पारदर्शी र लक गर्न मिल्ने, र्‍याक भएको, ५००-१५०० वा सो भन्दा बढि पुस्तक भएको हुन्छ ।

**प्रयोगशाला**

प्रयोगशालाको लागि छुट्टै भवन भएको हुन्छ । विषयगत सामग्री सहितको एकपटकमा २५-५० जनासम्मले प्रयोगात्मक कार्य गर्न सक्ने गरी व्यवस्था मिलाइएको हुन्छ ।

**पर्खाल र घेरावारा**

विद्यालयको हातालाई समेट्ने गरी मजबुत पिलर समेतको ६ फिट अग्लो तारबार वा पर्खाल भएको हुन्छ ।

**विद्यालय हाता व्यवस्थापन**

भवन, खेल, मैदान, वृक्षारोपण, शौचालय, बगैंचाको लागि जमिनको योजनाबद्ध लेआउट (पार्किङ्ग, करेसाबारी) र निर्माण गरी उपयोगमा ल्याइएको हुन्छ ।

**कार्यालय**

प्रधानाध्यापक, शिक्षक स्टाफ र प्रशासनिक प्रयोजनका लागि फर्निचर सहितको छुट्टाछुट्टै कोठा भएको हुन्छ ।

**स्वास्थ्य जाँच कक्ष**

आकस्मिक विरामीका लागि वेडको समेत व्यवस्था र जाँच तथा उपचार कक्षाको व्यवस्था भएको हुन्छ । विद्यालयको प्रशासनिक कक्षमा एउटा दराजको व्यवस्था गरी आधारभूत उपचारको औषधी र जाँच उपकरणको व्यवस्था भएको हुन्छ ।

**विद्युत जडान तथा विद्युतीय सामग्री र सुविधाको व्यवस्था**

हरेक कक्षाकोठामा विद्युतको लाइन भएको र आवश्यकतानुसार पंखा, प्रोजेक्टर, कम्प्युटरको उपलब्धता भएको हुन्छ । इमेल, इन्टरनेटको समेत सुविधा भएको हुन्छ ।

**चमेना गृह**

विद्यालय हाता भित्रै चमेना गृहको व्यवस्था भएको हुन्छ ।

**सुरक्षित वातावरण**

विद्यार्थी विद्यालयमा आउँदा सुरक्षाको लागि स-साना नानीहरूलाई अभिभावकहरूले आफैं ल्याउने, लाने र विद्यालयमा चोटपटक तथा ठुला कक्षाका विद्यार्थीबाट सुरक्षित हुने व्यवस्था मिलाइएको हुन्छ ।

**शिक्षण क्रियाकलाप**

विद्यार्थी संख्याको आधारमा शिक्षकको व्यवस्था गरिन्छ । शिक्षकको क्षमता बढाउन आवश्यकता अनुसार शिक्षकलाई पेशागत, विषयगत तथा पुनर्ताजगी तालिमको पनि व्यवस्था गरिन्छ । प्रधानाध्यापकबाट समय समयमा कक्षा अवलोकन नगरी पृष्टपोषण दिइन्छ । विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने र प्रगति विवरण

अभिभावकलाई जानकारी दिइन्छ । बालबालिकालाई गीत, नाँच, खोजपूर्ण कार्य, कथा, खेल जस्ता मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न गराइन्छ । विद्यार्थीको चौतर्फी विकास गर्न हप्ताको एकपटक अतिरिक्त क्रियाकलापको व्यवस्था गरिएको हुन्छ ।

शिक्षकका लागि पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, विशिष्टिकरण तालिका र विद्यार्थीका लागि सहयोगी सामग्रीको व्यवस्था भई निरन्तर प्रयोग भएको हुन्छ । मूल्य नपर्ने र कम मूल्य पर्ने शिक्षक तथा विद्यार्थी निर्मित वा संकलित सामग्रीहरू हरेक कक्षामा व्यवस्था तथा प्रयोग गरिएको हुन्छ । कक्षाकोठाका भित्तामा पाठ्यक्रमसँग सम्बन्धित सामग्रीहरू प्रदर्शन गरिएको हुन्छ । विद्युतीय सामग्रीको समेत उपलब्धता तथा प्रयोग गरिएको हुन्छ ।

## १.२ समस्याको कथन

देश विकासको लागि सबै जनताको सहभागिता हुनु आवश्यक छ । आज शिक्षामा पहुँच नपुगेका बालबालिका भोलिको देश निर्माणमा सहभागी हुन सक्दैनन् । त्यसकारण सबै बालबालिकालाई विद्यालय भित्र ल्याउनु सरकार, समाज संघ-संस्था लगायत विद्यालयको पनि कर्तव्य हुन्छ । यस कुरालाई मनन् गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू भएका छन् । मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १ मा सबै व्यक्ति स्वतन्त्र हुन्छन् र ती सबैको समाज प्रतिष्ठा र अधिकार हुन्छ भन्ने उल्लेख गरिएको छ । त्यसैले बालबालिकाले आफ्नो इच्छा अनुसार भय रहित वातावरणमा प्रतिष्ठा कायम राखी अध्ययन गर्न पाउने अधिकार प्रदान गरेको छ ।

सन् १९८९ नोभेम्वर २० मा संयुक्त राष्ट्रसंघको महासभाबाट पारित बालअधिकार सम्बन्धी महासन्धिको धारा २८ मा राज्य पक्षले बालबालिकाको शिक्षाको अधिकारलाई मान्यता दिइएको छ । शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउनु पर्ने राज्यको दायित्व हो भन्ने कुरा उल्लेख गरेको छ । नेपाल सरकारको तर्फबाट पनि उक्त महासन्धिमा सन् १९९० सेप्टेम्बर १४ मा हस्ताक्षर गरी बाल अधिकारको संरक्षण गर्ने र कार्यान्वयन गर्ने प्रतिबद्धता गर्‍यो । ५४ धारा भएको उक्त महासन्धिले प्रत्येक बालबालिकाले विना कुनै भेदभाव, नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पाउनुपर्ने र ती सबै अधिकार अभिभाज्य रहनुपर्ने कुरालाई स्थापित गरेको छ । सबैका

लागि शिक्षा कार्यक्रमले पनि सन् २०१५ सम्ममा सबै बालबालिकाले गुणस्तरीय प्राथमिक शिक्षा पाउनु पर्ने लक्ष्य किटान गरको छ। प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा बालमैत्री पूर्ण वातावरणमा बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने कुरा उल्लेख छ।

हाम्रा विद्यालयमा अझै पनि विद्यार्थीलाई नियन्त्रणमा राख्न र पठनपाठनमा उत्प्रेरणा जगाउन दण्ड प्रणालीलाई अंगालेको पाइन्छ । विद्यार्थीलाई शिक्षकद्वारा शारीरिक यातना तथा मनोवैज्ञानिक तनाव दिने कार्यलाई दण्ड प्रणाली भनिन्छ । यस्ता सजायले विद्यार्थीमा सकारात्मक भन्दा नकारात्मक असर पर्दछ । दण्डबाट विद्यार्थीमा घाउचोट लाग्ने, रिङ्गटा लाग्ने, अचेत हुने जस्ता शारीरिक असर पर्दछ भने पढाइमा एकाग्रता नहुने, सहनशीलता कमी हुने, आत्मबल तथा आत्मविश्वास घट्ने आदि मनोवैज्ञानिक असर पर्दछ । समाज विरोधी समुहको निर्माण हुने, लागुपदार्थ सेवन गर्ने, बदलाको भावनाको विकास हुने आदि सामाजिक असर पर्दछ। विद्यालयको वातावरणले विद्यार्थीलाई आकर्षण नगर्नु, कक्षाकोठा रुचीपूर्ण नहुनु, शिक्षकको व्यवहार बालमैत्री नहुनु, अध्यापन कार्य सकारात्मक नहुनु, पुरस्कारको व्यवस्था न्यून र दण्डको प्रणालीलाई उच्च बनाउनुले बालबालिकामा नकारात्मक असर पर्न गई बीचैमा कक्षा छोड्ने, अनियमित हुने, कक्षामा बढीभन्दा बढी असफल हुने जस्ता समस्याले गर्दा समुदायको विद्यालयप्रतिको दृष्टिकोणमा परिवर्तन आइ विद्यालयको लोकप्रियता घट्दो क्रममा छ।

विभिन्न प्रयास पश्चात प्राथमिक विद्यालयमा खुद भर्नादर बृद्धि हुँदै गए पनि उनीहरूलाई विद्यालयमा टिकाउन सकिएको छैन । यस अवस्थालाई मनन् गरी बालबालिकाहरू विद्यालयमा रमाउँदै गुणस्तरीय शिक्षा प्राप्त गर्न सकुन र सिकार प्रक्रिया बालमनोवैज्ञानिक अनुसार हुन सकोस् र बालबालिकाले कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरमा क्रमशः सुधार हुन सकोस् भनी बालमैत्री कक्षा व्यवस्थापनको अध्ययन गर्न खोजिएको छ। बालमैत्री कक्षा व्यवस्थापन कसरी गरिएको छ ? यसको प्रभाव के कस्तो परेको छ ? के कस्ता तत्वहरूले बालमैत्री कक्षा सहज गराउन सकिन्छ ? साथै यसलाई कार्यान्वयन गर्नमा के कस्ता चुनौची आएका छन् ? र कक्षा व्यवस्थापनलाई प्रभावकारी रुपमा बालमैत्री बनाउन के कस्ता उपाय अपनाउनुपर्ला ?

भन्ने बारेमा खोजी गर्नुपर्ने समस्यालाई मनन गरी यस अध्ययनको समस्या कथनको रुपमा " सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन" लिइएको हो ।

## १.३ अध्ययनको औचित्य

हरेक अनुसन्धानको आफ्नै किसिमको महत्व रहेको हुन्छ । नेपालको जनगणना २०६८ अनुसार ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २,३९,२६,५४१ जनसंख्या ३९.० प्रतिशत व्यक्तिहरूले प्राथमिक तह उत्तीर्ण गरको पाइएको छ । यस्तै कक्षा छोड्ने र दोहोर्‍याउनेको संख्यामा पनि खासै कमी भएको छैन । जुन शैक्षिक जगतको ठुलो समस्या हो । लगानीको दृष्टिकोणले ठुलो क्षति पनि हो । अहिले एकातिर सामुदायिक विद्यालयको लोकिप्रियता तथा विद्यार्थी संस्था घट्दै गएको छ भने अर्कातिर शिक्षाको गुणस्तर पनि खस्कदै गएको छ । बालबालिकालाई विद्यालयको आकर्षण गरी उनीहरूको रुची क्षमता र आवश्यकताको पहिचान गरी डर तथा भय मुक्त वातावरणमा शिक्षा दिनु आवश्यक छ । अहिले पनि विद्यालयमा बालबालिकाको चाहना पत्ता लगाई बालमैत्री व्यवहार गर्ने परिपाटी पाइदैन । बालबालिकालाई डर, त्रास देखाएर उनीहरूको इच्छा होस् वा नहोस् विषयवस्तु लाद्ने परम्परा रहँदै आएको छ । यो प्रकृति घातक भएकोले यसलाई परिवर्तन गर्न नितान्त आवश्यक छ ।

यस अध्ययनबाट निस्केको निष्कर्षले विद्यालयमा बालमैत्री कक्षा सञ्चालन नहुँदा बालबालिकामा परेको प्रत्यक्ष असर, विद्यालयमा बालमैत्री व्यवहार हुँदा र नहुँदा पर्ने सकरात्मक पक्षको विश्लेषण र बालमैत्री कक्षा व्यवस्थापनको वर्तमान अवस्थामा देखिएको कमीकमजोरीहरूको अध्ययन गर्न सहयोग पुग्ने आशा राखिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार राखिएको छ :-

(क) बालमैत्री कक्षा व्यवस्थापनको वर्तमान अवस्था लेखाजोखा गर्नु,

(ख) असल बालमैत्री कक्षा व्यवस्थापनको आवश्यक तत्वहरूको खोजी गर्न,

(ग) बालमैत्री कक्षा व्यवस्थापनको चुनौतीहरू पत्ता लगाउन,

(घ) बालमैत्री कक्षा व्यवस्थापनलाई प्रभावकारी रुपमा बालमैत्री बनाउने उपायहरूको खोजी गर्न ।

## १.५ अनुसन्धानात्मक प्रश्न

(क) विद्यालयमा बालमैत्री कक्षा सञ्चालन गर्न के कस्ता चुनौतिको सामना गर्नु परेको छ ?

(ख) विद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन के कस्ता कार्यक्रम सञ्चालन गरिएको छ ?

(ग) विद्यालयको भौतिक अवस्था सुधार्न के के प्रयास गरिएका छन् ?

(घ) बालमैत्री कक्षा कोठाको व्यवस्थापन पक्ष कस्तो छ ?

(ङ) विद्यालयमा शैक्षिक सामग्रीको अवस्था कस्तो छ ?

(च) विद्यार्थीको शैक्षिक अवस्थाको जानकारी अभिभावकलाई दिने कस्तो व्यवस्था छ ?

(छ) कुन-कुन संघ संस्थाले विद्यालयमा सहयोग गरेका छन् ?

(ज) विद्यालयमा भौतिक सुविधाको अवस्था कस्तो छ ?

(झ) विद्यालयमा खेल मैदान र खेलकुदको सामग्रीको अवस्था कस्तो छ ?

(ञ) विद्यालयको सुधार गर्न के कस्ता समस्या सामना गर्नुपरेको छ ?

## १.६ अध्ययनको परिसीमा

देशै भरी बालमैत्री कार्यक्रम लागु भएका विद्यालयमा गई अध्ययन अनुसन्धान गर्न स्रोत र साधनले नभ्याउने भएकाले यस अध्ययनका लागि झापा जिल्लाका जिल्ला शिक्षा कार्यालय तथा गैरसरकारी संघसंस्थाबाट बालमैत्री कार्यक्रम लागु भएका काँकरभिट्टा स्रोतकेन्द्र अन्तर्गतका ३ विद्यालय र बाहुण्डाँगी स्रोतकेन्द्र अन्तर्गतका २ वटा विद्यालय गरी जम्मा ५ वटा विद्यालयहरू छनौट गरिएको छ । अध्ययन सामुदायिक विद्यालयको प्राथमिक तहको बालमैत्री कक्षा व्यवस्थापनमा केन्द्रित हुनेछ । यिनै ५ विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, र विद्यार्थीलाई नमूनाको रुपमा छनौट गरिएको छ । नमूनामा परेका बालबालिकाहरूको २०७१ र २०७२ सालको कक्षा १ मा हासिल भएको सिकाइ उपलब्धि सम्बन्धी अवस्थाको अध्ययन गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

एउटा असल अनुसन्धान कार्य गर्नका लागि सम्बन्धित विषयमा अनुसन्धानकर्ताले गहन अध्ययन गर्न सहज रुपमा कार्यको योजना बनाउन तथा अनुसन्धानलाई उद्देश्य अनुरुप सान्दर्भिक रुपले समापन गर्न आफ्नो विषय नजिक रहेको साहित्यको अध्ययन गर्न आवश्यक छ । सम्बन्धित साहित्यको पुनरावलोकनका लागि शिक्षा आयोगका प्रतिवेदनहरू सेरिडका प्रकाशनहरू, पत्रपत्रिका, राष्ट्रिय स्तरका पुस्तक तथा रचनाहरू र सम्बन्धित शोधपत्रहरूको पुनरावलोकन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सिंह, (२०६०) का अनुसार शिक्षकले जवरजस्तीमा भन्दा उत्प्रेरणामा बढी ख्याल राख्नुपर्छ । उत्प्रेरणाले बालबालिकालाई सिर्जनशील र सकरात्मक बनाउँछ भने जवरजस्तीले मानवता विरुद्ध उभ्याउन सक्दछ । त्यसैले वाध्यता, करकस र दण्डलाई कहिले पनि अपनाउनु हुँदैन । शिक्षकले बालबालिकालाई आफ्नो तहमा ल्याउने होइन उनीहरूको धरातलमा आफूलाई लगेर सहयोगी बन्न सक्नुपर्दछ । शिक्षकले आफूलाई विशिष्ट अध्यापकका रुपमा होइन सह शिक्षार्थीका रुपमा राख्नु पर्दछ । कठोर प्रशासकका रुपमा होइन विद्यार्थीको असल साथीको रुमा राख्नु पर्दछ । वास्तविक शिक्षक वा अध्यापक त्यही हो जो विद्यार्थीसँगै पढ्न रमाउँछ ; मनोरञ्जनको शैलीमा सिक्छ र सिकाउँछ ।

प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रुपमा सुरक्षित, संवेगात्मक रुपमा रमाइलो, मनोवैज्ञानिक रुपमा मनोवल उच्च महशुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ (भट्टराई, लुइटेल, शाक्य र विष्ट २०६२) ।

बालबालिकाहरूको विकास क्रमका साथसाथै उनीहरूमा उमेर अनुसारको व्यवहार चालचलन, बोलिबचन, हिँडाइ, खानपिन आदि कुरामा पनि फरकपन देखा पर्दछ । विकासमा देखा पर्ने यस खाले व्यवहारिक परिवर्तन स्वाभाविक हुन् । यिनीहरूलाई विभिन्न क्षमताको विकास क्रमका रुपमा लिने गरिन्छ । तसर्थ अभिभावकबाट बालबालिका प्रति गर्ने व्यवहार, असल बानी निर्माणका लागि सहयोगी हुनुपदर्छ (शर्मा, र अन्य २०६३) ।

सबै बालबालिकाहरूमा एकै प्रकारका क्षमताहरू हुँदैनन्, उनीहरूको क्षमता एवं रुचीलाई पहिचान गरेर शिक्षामा अनुकूल वातावरण दिनुपर्छ । बालबालिकाहरूले सधैं शिक्षकहरूबाट स्नेह, प्रोत्साहन, हौसला एवं उचित मनोवैज्ञानिक किसिमको सरसल्लाह र निर्देशनको उपेक्षा राख्ने गर्दछन् । तसर्थ उनीहरूका विभिन्न समस्याहरूलाई बुझेर उनीहरूको उमेर र अवस्था हेरी समाधान गर्नपर्दछ (पाण्डे २०६१) ।

बालबालिकाले दवाब तथा कुण्ठित वातावरणमा सिक्न सक्दैनन् । सिकाइका बालबालिका प्रफुल्ल, निसङ्कोच तथा सुरक्षित हुनुपर्दछ । उनीहरू पाठ्यपुस्तक मात्र पढ्न रुचाउँदैनन् । बालबालिकालाई कथा, चुट्किला गीत तथा खेलको अभ्यास गराउँदै सिकाउनुपर्दछ । बालबालिकामा स्मरण गर्ने, तर्क गर्ने, छलफल गर्ने, चिन्तन गर्ने शक्ति हुन्छ । शिक्षकले उनीहरूमा रहेका यी अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन सक्नुपर्दछ । बालबालिकालाई मित्रवत व्यवहार गरी उनीहरूमा रहेका प्रतिभाहरूलाई प्रस्फुटन गराउन आवश्यक पर्ने वातावरणको व्यवस्था गर्नु नै बालमैत्री कक्षा व्यवस्थापन हो । यस्तै वातावरणमा बालबालिकालाई शिक्षा दिनुपर्छ भन्ने कुरा सम्बन्धित साहित्यको पुनरावलकोनबाट पाइन्छ ।

जोशी, (२०६५) का अनुसार प्राथमिक तहमा शिक्षकको पेशागत दक्षतामा विद्यार्थीहरूको सक्रियतामा पढाउन प्रोत्साहनमा जोड दिनुपर्छ । जसको कारण विद्यार्थीहरूमा सिक्ने जिज्ञसा बढ्छ । कक्षा कार्य र गृहकार्य राम्रो गरेमा धेरै राम्रो भन्ने आधा सही हुँदा ठिक छ भन्ने तर अलिकति मात्र मिलाइएको छ भने राम्रो हुँदैछ अति कोशिस गर भन्ने र शिक्षकले फटाफट गृहकार्य चेक गर्ने तथा शाब्दिक पुरस्कारले हौसला बढाउने कोशिस गर्नुपर्छ । यदि सजिलो कुरा पनि आउँदैन र बारम्बार सिकाउँदा पनि जान्दैनन भने हतोत्साहित हुने गरी हप्काउनु हुँदैन । गृहकार्य दिदा ठीक र सहज हुनेगरी दिनुपर्छ । दण्ड सजाय दिदा विद्यार्थीहरूलाई सुधारात्मक तथा उनीहरूको स्वाभिमानमा आँच नआउने गरी एवं साथीहरूको अगाडि लज्जास्पद नहुने तरिकाले दिनुपर्छ । यदि घातक हुनेगरी दण्ड वा सजाय दिइयो भने विद्यार्थीहरूमा नकारात्मक भावना पैदा भई पढ्न छाड्छन् भन्ने निष्कर्श र सुझाव पेश गरिएको छ ।

बोहोरा, (२०६५) का अनुसार प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको अवस्था भन्ने शोधपत्रमा विद्यालयमा विद्यार्थीको कक्षा शिक्षणमा दण्ड दिनु प्रधानाध्यापक शिक्षक, अभिभावकको अनुचित कार्य हो । त्यसकारण दण्डरहित शिक्षण कार्य गर्नु पर्ने कुरा उल्लेख गरिएको छ साथै कुनै पनि शिक्षकले कुनैपनि विद्यार्थीले गरेका कार्यप्रति खुशी भएर उसलाई थप हौसला प्रदान गर्नुपर्दछ । विद्यार्थीहरूलाई स्यावास, राम्रो धेरै राम्रो, अझै प्रयास गर भनी माया ममताद्वारा धन्यवाद प्रकट गर्नुपर्दछ । मनोवैज्ञानिक हिसाबबाट बोलीबचन तथा व्यवहारलाई बलियो पार्ने कुराहरू नै शाब्दिक पुरस्कार हुन् ।

जोशी र बोहोराको अनुसन्धानहरूमा दण्डको कारणले सिकाइमा नकारात्मक सोचको विकास भइ सिकारुले पढ्न छोड्छ भन्ने निष्कर्ष निकालिएको छ । तर पुरस्कार बारे उक्त अध्ययनहरू मौन देखिन्छन् । प्रस्तावित अनुसन्धानमा पुरस्कारको व्यवस्था तथा दण्डरहित सिकाइबाट प्राप्त हुने परिणामको विश्लेषण गरिन्छ ।

पौडेल, (२०६८) का अनुसार बालमैत्री कक्षा व्यवस्थापन भन्ने शोधपत्रमा शिक्षकले विद्यार्थीलाई डर, धम्की देखाएर नियन्त्रणमाम लिने हैन माया, ममता र अनुशासनको पाठ पढाएर नियन्त्रणमा लिन सक्नु पर्छ । बालबालिकाको मनोभावना बुझेर शिक्षण गर्नुपर्दछ । सिक्ने र सिकाउने प्रक्रिया सहज बनाउन कक्षाकोठाको वातावरण बालमैत्री हुनु जरुरी छ । दण्डरहित बालमैत्री कक्षा व्यवस्थापनले सिकाइ दिगो, अर्थपूर्ण र प्रभावकारी हुने कुरा उल्लेख गरिएको छ ।

घिमिरे, (२०६९) का अनुसार सामुदायिक विद्यालयको प्राथमिक तहमा पुरस्कार र दण्डको प्रयोगको अवस्था शोधपत्रमा विद्यालयमा सिकाइ क्रियाकलापसँग सम्बन्धित विषयवस्तुमा सिकाइलाई विभिन्न दण्डहरू दिने प्रचलन छ । बालमैत्री शिक्षा, बाल अधिकार, मानव अधिकार जे जे कुरा उल्लेख गरेपनि प्राथमिक तहमा सिकारुको इच्छा, चाहना, रुची अनुसारको सिकाइ हुन नसकेको यथार्थ छ । तसर्थ दण्डको सट्टा पुरस्कारको प्रयोग बढी गर्नाले सिकाइ दीर्घकालीन हुने कुरा चित्रण गरिएको छ । दण्ड रहित बालमैत्री कक्षा सञ्चालन गरी विद्यार्थीहरूलाई रमाइलो वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नाले विद्यार्थीहरूको टिकाउ दरमा वृद्धि भई बीचैमा विद्यालय छोड्नेको संख्यामा सुधार हुने कुरा उल्लेख गरिएको छ ।

ज्ञवाली, (२०६७) का अनुसार प्राथिमिक शिक्षामा गुणस्तर शिक्षाको व्यवस्थापन शोधपत्रमा विद्यालय गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि व्यवस्थापन महत्वपूर्ण पक्ष हो भन्ने कुरा प्रष्ट पारेको छ । विद्यालयको भौतिक, शैक्षिंक, प्रशासनिक व्यवस्थपनमा सबैको समान दायित्व हुनुपर्छ । मानव सम्बन्ध सिद्धान्त अनुसार सबैको सहभागितामा विद्यालयको व्यवस्थापन कार्य अघि बढाउनु अहिलेको आवश्यकता हो । यसरी विद्यालयको व्यवस्थापन हुन सकेमा मात्र गुणस्तरीय शि्क्षा प्राप्त हुन सक्ने र देशको लागि आवश्यक दक्ष जनशक्तिको अभावलाई पूर्ति गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

अयडी (२०६६) का अनुसार पत्रकारिता छोडेर शिक्षक भन्ने जम्काभेट अन्तर्वातामा विद्यार्थीहरूलाई मित्रवत व्यवहारले पढाउने, दण्डलाई निरुत्साहित गर्ने र विद्यार्थीलाई पिटेर होइन पुरस्कार दिइएर रमाइलो वातावरणमा विद्यालयमा राख्नुपर्छ । बालमैत्री वातावरणमा कक्षा सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

भण्डारी, (२०६६) को प्रतिवेदनमा उल्लेख गराए अनुसार शिक्षकले विद्यार्थीलाई दण्डमूखी नभई साथीको रुपमा, सहयोगीको रुपमा ठानी, मीठो बोली र रमाइलो वातावरणमा बुझाउनु पर्दछ । उनीहरूलाई उत्साहित पार्ने व्यवहार प्रदर्शित गर्नुपर्छ ।

घिमिरे, (२०६७) “शिक्षकको जागीर” मनका कुरा शीर्षकमा आज सामुदायिक विद्यालयको शैक्षिक स्तर विद्यार्थीहरूलाई दण्ड दिइएको कारण ओरालो लागिरहेको छ । अझै पनि त्यसको खोजी नगर्नाले केही समयपछि सामुदायिक विद्यालयहरू विद्यार्थीविहिन हुन्छन् । त्यसकारण विद्यालयमा दण्ड रहित बालमैत्री कक्षा सञ्चालन गरी शैक्षिक स्तर उकास्नु पर्ने देखिन्छ ।

सेरिड, (२०५९) बच्चाबच्चीले के सिकुन ? भन्ने आमाबाबु चाहन्छन् भने लेखमा विद्यालयमा विद्यार्थीले बालमैत्री वातावरणमा सबैकुरा सिकुन । विद्यालयको वातावरण राम्रो होस्, चर्पी, खानेपानी, कक्षाकोठा, बगैंचाको व्यवस्थापन राम्रो होस् । नानीहरूलाई रमाइलो वातावरणमा दण्ड र त्रासले होइन माया र ममताले शिक्षण सिकाइ क्रियाकलाप गरियोस् भन्ने अभिभावकको चाहना हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

बालबालिकाहरू स्वभावले चञ्चल तथा जिज्ञासु हुन्छन् । बालबालिकाहरू दण्ड र त्रासबाट टाढा हुन्छन् । स्नेह र प्रेम प्रति आकर्षित हुन्छन् । बालबालिकाको रुचीको कदर गर्दै रमाइलो भयमुक्त बालमैत्री वातावरणमा सिकाइ प्रदान गर्नाले सिकाइ दिगो र अर्थपूर्ण हुन्छ । यस अध्ययन कार्यलाई यथार्थपरक  र विश्वसनीय बनाउन तथा उद्देश्य अनुसार पत्ता लगाइएका प्राप्तिलाई सुझाउन र बालमैत्री सिकाइ प्रक्रियामा देखिएका कमीकमजोरीलाई विश्वसनीय र व्यवहारिक बनाउन आधारभुत स्तम्भको रुपमा फ्रोवैलको "बाल बगैंचा" पद्दति र मन्टेश्वरीको "बालगृह" शिक्षा पद्दतिलाई सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

मेरिया मन्टेश्वरी संसारको प्रसिद्ध बाल शिक्षा शास्त्रीको रुपमा मानिएकी छन् । उनको बाल स्वतन्त्रता र खेलद्वारा शिक्षण गरिने बालगृहलाई नै शिक्षा पद्दतिको प्रमुख आधार मानिएको छ । बालकको रुची, क्षमता र आवश्यकता अनुसार सिकाइ हुनुपर्छ भन्दै बाल केन्द्रित सिकाइ प्रक्रियामा मन्टेश्वरीले जोड दिइन् । उनको अनुसार बालकमा भएका आन्तरिक गुणको विकास गर्न उसलाई पूर्ण रुपमा स्वतन्त्रता दिनुपर्छ । विद्यालयमा बालकलाई पारिवारिक वातावरणमा हुर्काउन्छ । शिक्षकको माया ममतामा बच्चाहरूले स्वेच्छाले सिक्छन् । बालमैत्री वातावरणमा सिकाइ प्रदान गर्नाले सिकाइ दिगो र अर्थपूर्ण हुनाले यस अध्ययनको क्रममा मन्टेश्वरीको वालगृह शिक्षण पद्दतिलाई आधार बनाइएको छ ।

फ्रोबेलले प्रतिपादन गरेको शिक्षण पद्दतिलाई "बाल बगैंचा" भनिन्छ । सन् १८३७ मा खोलेको बाल बगैंचाको विकास नै उनको ठुलो योगदान हो । उनको अनुसार मालीले बगैंचमा फुल बिरुवा हुर्काए जस्तै स्वतन्त्र रुपमा बच्चा हुर्कन दिनुपर्छ । शिक्षण कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न विद्यार्थीलाई विभिन्न किसिमका उपहार दिनुपर्छ । विद्यार्थी केन्द्रित शिक्षण विधिलाई जोड दिनुपर्छ, प्राकृतिक र स्वतन्त्र वातावरणमा शिक्षण गराउने, खेल माध्यमलाई शिक्षण विधि बनाउने, शिक्षकले सहयोगीको भूमिका निर्वाह गर्नुपर्ने, शिक्षकको माया, प्रेम, स्नेह र सद्भाव पूर्वक विद्यार्थीलाई निर्देशन दिई शिक्षण कार्य गर्नुपर्ने, विद्यार्थीको स्वभाव, चाहना, रुची, प्रकृतिको अध्ययन गर्ने कुरामा जोड जस्ता बाल केन्द्रित पक्षहरू शिक्षण

पद्दतिमा भएको हुनाले यस अध्ययनको क्रममा फ्रोबेलको बाल बगैंचा विधिलाई अध्ययनको आधार बनाइएको छ ।

## २.३ अध्ययनको उपादेयता

पूर्वलेख तथा रचनाको पुनरावलोकन तथा सम्बन्धित सिद्धान्तहरूले यो अध्ययनलाई अगाडी बढाउन सहयोग गरेका छन् । यस अध्ययनको शीर्षक छनौटको पुष्टी गर्न तथा अध्ययन विधि, तथ्याङ्क संकलनका साधनहरूको निर्माण तथा छनौट, तथ्याङ्कको संकलन, संकलित तथ्याङ्कको विश्लेषण प्रक्रियामा सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका उपयोगी छन् । बालमैत्री व्यवहारबाट गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र प्रधानाध्यापकले खेलेको भूमिकाले विश्लेषणमा सहयोग पुऱ्याएको छ । बाल मैत्री कक्षा व्यवस्थापनमा देखा परेका सवल तथा दुर्बल पक्षहरूको विश्लेषण गर्न शैक्षिक गुणस्तर वृद्धि तथा प्रभावकारी सिकाइ हुन नसक्नुको कारण पत्ता लगाई उक्त समस्या समाधान गर्न सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका उपयोगी रहेको छ ।

बालबालिकाहरूलाई प्रारम्भिक शिक्षा दिन फ्रोबेलले प्रतिपादन गरेको शिक्षण पद्धतिलाई बालबगैंचा भनिन्छ । यसमा बालकलाई मालीले बोट हुर्काएझैं योग्य बनाइन्छ । बालकले स्वतन्त्रतापूर्वक स्वक्रियाकलापद्वारा सिकाइ गर्ने, विद्यार्थीलाई प्राकृतिक स्वच्छ वातावरणमा शिक्षण गराउने, शिक्षकले माया, ममता, सद्भावपूर्वक निर्देशन दिनुपर्ने, बालमैत्री व्यवहार गर्नुपर्ने, विद्यार्थीको चाहना, रुची, आवश्यकता अनुसार शिक्षण सिकाइ क्रियाकलाप गर्ने जस्ता पक्षहरू बालकेन्द्रित शिक्षण पद्धतिमा भएको हुनाले यस अध्ययनको क्रममा फ्रोबेलको शैक्षिक अवधारणा र शैक्षिक प्रक्रियालाई आधार स्तम्भको रुपमा प्रयोग गरिएको छ । शिक्षाविद् मन्टेश्वरीले बालबालिकालाई शिक्षा प्रदान गर्न बालगृह खोलेकी थिइन् र बालबालिकालाई सिकाउन खेल विधि र बगैंचाको प्रयोग गरेकी थिइन् । यस अध्ययनमा पनि बालबालिकाको लागि विद्यालय एउटा घरको रुपमा हेरिने हुँदा उनको शैक्षिक अवधारणा र शिक्षा पद्धतिले यस अध्ययनमा थप उर्जा प्रदान गरेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस अध्ययन अनुसन्धानमा बालमैत्री कक्षा सञ्चालन भएका विद्यालयको कक्षा व्यवस्थापन र बालमैत्री कक्षा सञ्चालन गर्न विद्यालयमा के कस्ता चुनौतिहरू छन् र तिनलाई समाधान गर्न के कस्ता उपाय अपनाउनु पर्छ भन्ने सम्बन्धमा अध्ययन गरिएको छ । "सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन" अध्ययनका लागि झापा जिल्ला छनौट गरी निम्न साधन र प्रक्रियाको प्रयोग गरी उपलब्ध तथ्याङ्कलाई परिमाणात्मक र गुणात्मक रुपमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा संकलित तथ्याङ्कहरू शाब्दिक तथा सांख्यिक दुई प्रकारका रहेका छन् । शाब्दिक तथ्याङ्कलाई वर्णात्मक ढाँचामामक व्याख्या विश्लेषण गरिएको छ । सांख्यिक तथ्याङ्कलाई विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ । त्यसैले यो अनुसन्धानको ढाँचा मिश्रित ढाँचामा आधारित रहेको छ ।

## ३.२ जनसंख्या र नमूना

### ३.२.१ जनसंख्या

झापा जिल्लामा रहेका स्रोत केन्द्रहरू मध्ये काँकरभिट्टा र बाहुनडाँगी स्रोतकेन्द्र अन्तरगत सञ्चालित ५ वटा सामुदायिक विद्यालयका १/१ जना, प्रधानाध्यापक १/१ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, बालमैत्री सञ्चालन भएका कुनै एक कक्षाका २ जना छात्र र २ जना छात्रालाई नमूनाको रुपमा छनौट गरिएको छ ।

### ३.२.२ नमूनाको आकार

झापा जिल्लामा रहेका स्रोत केन्द्रहरू काँकरभिट्टा र बाहुण्डाँगी स्रोतकेन्द्र अन्तरगत सञ्चालित ५ वटा सामुदायिक विद्यालयलाई अध्ययन क्षेत्र बनाइएको छ । यस अध्ययन क्षेत्र अन्तर्गत काँकरभिट्टा स्रोतकेन्द्रका श्री हरि निम्न माध्यमिक विद्यालय, श्री कवि शिरोमणि उच्च माध्यमिक विद्यालय, श्री बाल सुवोधनी निम्न माध्यमिक विद्यालय र बाहुनडाँगी स्रोतकेन्द्र अन्तरगत श्री कृष्ण निम्न माध्यमिक विद्यालय र श्री

पवित्रा निम्न माध्यमिक विद्यालय गरी जम्मा ५ वटा विद्यालय उद्देश्यात्मक प्रक्रियाबाट नमूना छनौट गरिएको छ ।

### ३.२.३ नमूना छनौट प्रक्रिया

झापा जिल्लाका स्रोतकेन्द्रहरू मध्ये छनौटमा परेको काँकरभिट्टा र बाहुनडाँगी स्रोतकेन्द्र मित्र सञ्चालित ५ वटा विद्यालयहरू सम्भावनायुक्त विधिबाट छनौट गरी तिनीहरूका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन अध्यक्ष उद्देश्यपूर्ण विधिबाट छनौट गरिएको छ । छनौटमा परेका विद्यालयबाट शिक्षक, २/२ विद्यार्थी सम्भावनायुक्त विधीबाट छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्क स्रोत

सूचना तथ्याङ्क संकलनका लागि प्राथमिक तथा द्वितीय दुवै किसिमका स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक शिक्षक र विद्यार्थीसँग प्रश्नावली प्रयोग गरिएको छ । द्वितीय स्रोतका लागि विद्यालयको अभिलेख, शिक्षा कार्यालयको अभिलेख र विभिन्न लेख रचनालाई लिइएको छ ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरू

अनुसन्धानका प्रत्येक उद्देश्य समेट्ने गरी आवश्यक सूचना संकलन गर्न निम्न अनुसारका साधनहरूको प्रयोग गरिएको छ :

**अन्तरर्वाता प्रश्नावली**

नमूनाका छनौटमा परेका विद्यालयहरूमा बालमैत्री कक्षा व्यवस्थापनको अवस्था लेखाजाखा गर्नु, असल बालमैत्री व्यवस्थापनको आवश्यक तत्वहरूको खोजी गर्नु, बालमैत्री कक्षा व्यवस्थापनको चुनौतिहरू पत्ता लगाउनु, कक्षा व्यवस्थापनलाई प्रभावकारी रुपमा बालमैत्री बनाउने उपायहरूको खोजी गर्ने उद्देश्यले सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक, विद्यार्थीका लागि खुला र वन्द प्रकृतिका प्रश्नहरू भएको अन्तर्वाता प्रश्नावली अलग-अलग तयार गरी अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन गरियो (अनुसूची १-४) ।

**कक्षा अवलोकन फारम**

अध्ययनको विषयवस्तुलाई भरपर्दो र विश्वसनीय बनाउनका लागि अध्ययन क्षेत्रको प्रत्यक्ष अवलोकन गरिएको छ । अवलोकनबाट विद्यालयको वातावरण,

व्यवस्थापन पक्ष, शिक्षकको कार्यशैली, भौतिक सामग्री तथा व्यवस्थापन, लक्षित समूहको संख्या, परीक्षामा सम्मिलन, उत्तीर्ण, कक्षामा उपस्थिति, विद्यालयको अवस्था, कक्षा व्यवस्थापन र कार्यकलाप आदि विषयका तथ्याङ्क संकलन गरियो (अनुसूची ५) ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यो अध्ययनलाई व्यवस्थित बनाउन सूचना तथा तथ्याङ्क संकलनका लागि प्राथमिक तथा द्वितीय दुबै किसिमका स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका सूचना तथा तथ्याङ्क संकलनका लागि स्थलगत अवलोकन तथा कक्षा अवलोकन फारम प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलन गर्न स्रोतकर्ता स्वयम अध्ययन क्षेत्रमा गई प्रत्यक्ष भेटघाट तथा सम्पर्क, अर्न्तवार्ता, प्रश्नावली तयारी पारी १/१ जना प्रधानाध्यापक, १/१ जना विद्यालय व्यवस्थापन समिति अध्यक्ष, १/१ शिक्षक २ जना छात्र र २ जना छात्रा विद्यार्थीसँग अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोतका सूचना तथा तथ्याङ्क विद्यालय अभिलेख स्रोतकेन्द्रका अभिलेख, तालिम सम्बन्धी पुस्तक, पत्रपत्रिकाबाट संकलन गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अनुसन्धानमा वालमैत्री कक्षा सञ्चालन भएका ५ वटा विद्यालयको भौतिक व्यवस्थापन, कक्षा व्यवस्थापन, प्रधानाध्यापकको सक्रियता, शिक्षकको सक्रियता, विद्यालय व्यवस्थापन समितिको सक्रियता, अभिभावकको सक्रियता, विद्यार्थीको सक्रियता, शिक्षक विद्यार्थी बीचको सम्बन्ध, विद्यार्थी विद्यार्थी बीचको सम्बन्ध, शिक्षकको अध्यापन, विद्यार्थी अनशासन र नियन्त्रण, विद्यार्थीको उपस्थिति, शैक्षिक उपलब्धि आदि विषयमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रका विद्यालयको अवस्थालाई विभिन्न सिद्धान्त, प्रचलित ऐन, कानुन, लेख, रचनासँग तुलना गर्दै अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्क वर्णनात्मक, विश्लेषणात्मक तरिकाबाट प्रस्तुत गरिएको छ । यस बाहेक तथ्याङ्कलाई प्रष्ट पार्न आवश्यकता अनुसार तालिकाको प्रयोग गरियो ।

# परिच्छेद चार : नतिजाको विश्लेषण

अन्तर्वार्ता, प्रश्नावली, कक्षाअवलोकन फारम र विद्यालय अवलोकनबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनको वर्तमान अवस्थाको अध्ययन गरिएको छ । बालमैत्री कक्षा व्यवस्थापनको आवश्यक कारक तत्वहरू के के छन् ?, बालमैत्री कक्षा व्यवस्थापनमा के कस्ता चुनौतिहरू रहेका छन् ?, कक्षाकोठा व्यवस्थापनलाई कसरी प्रभावकारी रुपमा बालमैत्री बनाउने तत्वहरूको व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ बालमैत्री कक्षाकोठा व्यवस्थापनको वर्तमान अवस्था

विद्यालयमा कक्षाकोठाको व्यवस्थापन महत्वपूर्ण पक्ष मानिन्छ । कक्षाकोठाको वातावरण प्रभावकारी नभएमा विद्यार्थीको सिकाइ दिगो र प्रभावकारी हुँदैन । कक्षाकोठामा सिकाइका लागि आवश्यक सामग्री तथा उपयुक्त वातावरण निर्माण गर्नु नै कक्षाकोठा व्यवस्थापन हो । कक्षाकोठामा प्रकाश तथा हावा खेल्ने, शैक्षिक सामग्रीको पर्याप्तता, विद्यार्थीको बस्ने राम्रो व्यवस्था, शिक्षण विधि र प्रक्रिया, विद्यार्थी सक्रियता, विद्यार्थी नियन्त्रण आदिको अवस्था कस्तो छ ? कक्षाकोठा व्यवस्थापनमा क कस्को के कस्तो भूमिका छ ? यसको यथार्थ प्रष्ट पारिएको छ । प्राथमिक तहमा बालमैत्री कक्षा सञ्चालन भएकोले कक्षा एकलाई आधार मानी व्याख्या र विश्लेषण गरिएको छ । बालमैत्री कक्षा व्यवस्थापन कसरी गर्ने ? र बालमैत्री कक्षा व्यवस्थापनको लागि खेल्नुपर्ने भूमिका सम्बन्धमा यस अध्ययनमा विश्लेषण गरिएको छ । यस अध्ययन विश्लेषणको पुष्टि गर्ने तथ्याङ्क अनुसूची ६-९ मा राखिएको छ ।

### ४.१.१ बसाई तथा भौतिक व्यवस्थापन

कक्षाकोठा सबै उपयुक्त भएको पाइयो । तीन वटा विद्यालयमा भुइमा कार्पेट ओछ्याई विद्यार्थीहरूलाई कुसनमा बसालिएको पाइयो । दुईवटा विद्यालयमा U आकारको डेस्क बेञ्चमा राखेको पाइयो । कक्षामा झ्याल ढोका लगाउन मिल्ने फराकिलो पर्याप्त मात्रामा प्रकाश आउने खालको अवस्था पाइयो तर एउटा विद्यालयमा झ्यालमा पल्ला नभएकोले कक्षाकोठामा समस्या उत्पन्न भएको

पाइयो । कक्षाकोठा भित्र बालबालिकाले खेल्ने सामग्री प्रशस्तै पाइयो । जस्तैः चिप्लेटी, बल, गाडी, लुडो, पिङ । कतिपय खेल सामग्रीहरू अध्ययनलाई सहयोग पुऱ्याउने खालका छन् । जस्तै अक्षरका टुक्रा, अंकका टुक्रा, अक्षरमाला आदि । केही सामग्रीहरू मनोरञ्जनका लागि छन् । जस्तै डोरी, बल, गुडिया । कक्षामा खानेपानीको व्यवस्था राम्रो छ । फिल्टरको प्रयोग गरेको पाइयो ।

### ४.१.२ कक्षाकोठामा शिक्षण सिकाइ व्यवस्थापन

बालमैत्री सञ्चालन भएका पाँच वटा विद्यालयको अवस्थामा कक्षाकोठाको भित्ता नेपाली तथा अंग्रेजी वर्णमालाका साना ठुला अक्षर, अंग्रजी र नेपाली संख्याका अक्षरहरू, बाह्र महिना, सात बार, बाह्रखरी, गुणन तालिका, बालगीत जस्ता अध्ययन सामग्रीहरूले सिंगारिएको पाइयो । अध्यापनका लागि चार्ट चित्रहरू कक्षाका भित्तामा टाँसिएका छन् । शैक्षिक सामग्रीको दराज प्रत्येक विद्यालयमा पाइयो । कक्षाकोठामा विद्यार्थीले बनाएका अन्य सामग्रीहरू डोरीमा झुन्डाएर सजाएको पाइयो ।

शिक्षण सिकाइको अवस्था पत्ता लगाउन कक्षा अवलोकन फारम र प्रश्नावली प्रयोग गरिएको थियो । बालमैत्री कक्षा सञ्चालन भएका विद्यालयहरूमा पाठको सुरुवात पुनरावलोकनबाट, कथा, कविता, चुट्किला, रमाइलो गीत गाएर पाठयोजनाको साथमा विद्यार्थीकेन्द्रित विधि प्रयोग गरी गरेको पाइयो । हाउभाउका साथ कक्षा सञ्चालन गरी विद्यार्थीहरूको राम्रो सक्रियता र कक्षा कार्यशैली उत्तम पाइयो । भाषाशैली जस्ता अन्य पक्ष पनि राम्रो पाइयो । गृहकार्य नियमित रुपमा दिने र जाँच गर्ने, राम्रो गर्नेलाई र नियमित आउनेलाई पुरस्कृत गरेको पाइयो । कक्षामा नियमित नआउने विद्यार्थीहरूलाई जरिवानाको व्यवस्था भएको पाइयो । कक्षामा टोली नेता बनाई समूह विभाजन गरी विद्यार्थी नियन्त्रण गरेको पाइयो । विद्यालयमा विद्यार्थीहरूलाई शारीरिक दण्ड दिन नपाउने भनिए तापनि ५०% विद्यार्थीहरूले गल्ति गरेमा पिट्ने, कान समातेर उठवस गर्न लगाउनु हुन्छ भनी उत्तर दिएका छन् । यसबाट दण्ड प्रणालीलाई सबैले प्रयोग गरेको पाइयो ।

### ४.१.३ कक्षाकोठाको सरसफाई तथा स्वस्थ वातावरण

कक्षाकोठाको भवन जिल्ला शिक्षा कार्यालयको सहयोगमा बनेको हुनाले कक्षाकोठाको आकार उपयुक्त पाइयो । फराकिलो कक्षाकोठा भए तापनि कुनै कुनै विद्यालयमा झ्यालमा पल्ला नभएको पाइयो । कक्षाकोठाको सरसफाई विद्यार्थी

आफैले पालैपालो गरेको पाइयो । खानेपानी र चर्पीको राम्रो व्यवस्था भएको पाइयो । विद्यार्थीहरूलाई फिल्टर गरेर पानी खुवाएको पाइयो ।

### ४.१.४ कक्षाकोठा व्यवस्थापनमा समितिको भूमिका

विद्यालय व्यवस्थापन समितिको कक्षाकोठा व्यवस्थापनमा महत्वपूर्ण भूमिका रहन्छ । विद्यालयमा आवश्यक पर्ने भवन, फर्निचर लगायत भौतिक व्यवस्थापन मिलाउने अभिभारा व्यवस्थापन समितिको भएको हुनाले भवनको माग गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने, प्रतिनिधि मण्डल जाने, फर्निचर निर्माणको निर्णय गर्ने जस्ता कार्य समितिबाट भएको पाइयो । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरूबाट बेलाबेलामा कक्षाकोठाको अनुगमन गरेको विद्यालय व्यवस्थापन समितिको अध्यक्षले बताउनुभयो ।

विद्यालयको अन्य अवस्थाबारे के कस्तो छ भन्ने सम्बन्धमा विद्यालय व्यवसथापन समितिको अध्यक्षलाई अन्तर्वार्ता प्रश्नावली मार्फत प्रश्न गरिएको थियो । जसबाट प्राप्त उत्तर तथा कक्षा अवलोकनको आधारमा विद्यालयको अवस्था निम्नानुसार भएको पाइयो :

- विद्यालयप्रति अभिभावकको कम चासो,
- अभिभावकहरूले विद्यालयमा श्रम दान गर्ने गरेको,
- मुस्किलले चन्दा दिने गरेको,
- विद्यालय व्यवस्थापन अध्यक्षसँग कुनै नयाँ सोच वा योजना नभएको,
- प्रधानाध्यापकले ल्याएको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने वाहेक अरु केही देखिएन,
- फर्निचर, भवन निर्माण तथा मर्मत गर्ने निर्णय विद्यालय व्यवस्थापन समितिबाट भएको,
- विद्यालयको सम्पत्ति, जग्गा, व्यापारिक भवन, अभिभावकबाट चन्दा, नेपाल सरकारबाट प्राप्त अनुदान, जिल्ला शिक्षा कार्यालयबाट प्राप्त अनुदान आदिको आम्दानीबाट विद्यालय खर्च धान्ने गरेको,
- शिक्षक, प्रधानाध्यापक, शिक्षक व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदिको संयुक्त वैठक बसी शिक्षकहरूको गुनासो सुन्ने तथा शैक्षिक सुधारका लागि योजनाहरू बनाउने व्यवस्था कुनै पनि विद्यालयमा नभएको,

- परिवार, समुदाय र विद्यालय बीचको सम्बन्ध खासै राम्रो नभएको,
- विद्यालयले अभिभावकलाई सक्रिय बनाउन भेला, घरदैलो कार्यक्रम, भेटघाट, आमा भेला गरिए तापनि अभिभावकहरूले विद्यालयप्रति कम चासो राखेको,
- आफ्नो छोराछोरीको पठनपाठनमा नियमित चासो राखेको,
- बालबालिकालाई आवश्यक कपि, कलप, पेन्सिल, पोसाकको व्यवस्था मिलाई विद्यालयमा पठाउने गरेको ।

### ४.१.५ कक्षाकोठामा प्रधानाध्यापकको भूमिका

विद्यालयमा प्रधानाध्यापकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । प्रधानाध्यापक विद्यालयको मुख्य व्यक्ति हो । सबै शिक्षकहरू प्रधानाध्यापकको मातहतमा रहेका हुन्छन् । विद्यालय व्यवस्थापन समितिलाई परिचालन गर्ने प्रमुख दायित्व प्रधानाध्यापककै हुन्छ । कक्षाकोठा व्यवस्थापनका लागि प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिसँग सरसल्लाह गर्ने, सहयोग जुटाउने, जिल्ला शिक्षा कार्यालयसँग समन्वय गर्ने, समय समयमा स्टाफ बैठक बसी समस्याहरू बारे छलफल गर्ने, कक्षामा सबै विद्यार्थीहरूलाई शैक्षिक सामग्रीहरूको प्रयोग अवसर मिलाउन सल्लाह दिने, कक्षाकोठाको अवलोकन गरी आवश्यक सल्लाह सुझाव दिने र विद्यालय व्यवस्थापन समितिबाट आवश्यक कुराको निर्णय गरेको पाइयो । कक्षाकोठालाई बालमैत्री बनाउन बालकेन्द्रित शैक्षणिक क्रियाकलाप सञ्चालन, उपयुक्त बसाई व्यवस्थापन, बालबालिकाको लागि बालमैत्री व्यवहार, अतिरिक्त क्रियाकलाप, शैक्षिक सामग्रीको भरपूर प्रयोग, खाजापानीको राम्रो प्रवन्ध, शौचालयको सरसफाई, कक्षाकोठाको सरसफाई, शिक्षकलाई तालिमको प्रवन्ध, अन्य नमूना विद्यालयको भ्रमण, बालमैत्री कार्यक्रमको विभिन्न दातृ निकायसँग सहयोग माग्ने र नपुग भएको विद्यालयको व्यवस्थापन गर्ने गरेको पाइयो । कक्षाकोठामा कार्पेट, चकटी, भित्तामा चित्र, अङ्क तथा अक्षर लेखनका लागि दातृ निकायबाट सहयोग भएको र अन्य आवश्यक वातावरणका लागि नपुग वस्तु विद्यालयबाट नै व्यवस्थापन गर्ने कार्यमा प्रधानाध्यापक सक्रिय भएको पाइयो ।

समग्रमा बालमैत्री कक्षा सञ्चालन भएका विद्यालयहरूमा बसाई तथा भौतिक व्यवस्थापन पक्ष, शिक्षण सिकाइ क्रियाकलाप, कक्षाकोठाको सरसफाई तथा

स्वस्थ वातावरण, कक्षा कोठामा व्यवस्थापन समितिको भूमिका, प्रधानाध्यापकको भूमिका हरेक पक्षहरूमा सुधार भएको पाइयो ।

## ४.२ असल बालमैत्री व्यवस्थापनको कारक तत्वहरू

विद्यालयमा गरिएको अन्तर्वार्ता र प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको आधारमा बालमैत्री कक्षालाई सहज गराउने कारक तत्वहरू निम्नानुसार छन् :

### ४.२.१ कक्षाकोठाको वातावरण

विद्यालयमा कक्षाकोठाको वातावरण अति महत्वपूर्ण पक्ष हो । कक्षाको वातावरणले सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ । कक्षाकोठाको वातावरण प्रभावकारी भएमा मात्र सिकाइ प्रभावकारी हुन्छ । बालमैत्री कक्षा सञ्चालन भएका विद्यालयहरूमा कक्षाकोठा फराकिला, हावा र प्रकाश खेल्ने, बस्नका लागि साना कक्षामा कार्पेट र कुसनको व्यवस्था गरिएको, ठुला कक्षाहरूमा उमेर अनुसार आकर्षक र सुविधायुक्त डेस्कवेञ्चको व्यवस्था गरिएको छ । झ्यालढोका विद्यार्थीहरूले खोल्ने बन्द गर्न सक्ने खालका छन् । शैक्षिक सामग्री राख्ने दराज व्यवस्थित रहेको छ । भित्तामा कालोपाटी र सेतो पाटीको व्यवस्था, भित्ते लेखन, खेलकुदका सामग्रीहरू भएको पाइयो । बालमैत्री कक्षाकोठामा हेर्दै रमाइलो लाग्ने र समय विताउन सजिलो, बालबालिकालाई खेल्न र सिक्न मिल्ने पर्याप्त शैक्षिक सामग्रीले कक्षाकोठा सिंगारिएको रहेछ । कक्षाकोठामा यस्तो वातावरण भएकोले बालमैत्री व्यवस्थापनलाई सहज बनाएको छ ।

### ४.२.२ शिक्षक विद्यार्थीको सम्बन्ध

शिक्षक र विद्यार्थीहरूको सम्बन्ध सहयोगी र सुमधुर रहेको छ । शिक्षकले विद्यार्थीहरूलाई माया, ममता र स्नेह दिने, भयमुक्त वातावरणमा सिकाइ हुने गरेकोले विद्यार्थीहरूले शिक्षकलाई आदर सत्कार गर्ने भावना रहेको पाइयो । विद्यार्थीहरू शिक्षकसँग मिलेर खेल्ने, संकोच नमान्ने, शिक्षकसँग धेरै घनिष्ट रहने, सुमधुर सम्बन्ध भएको पाइयो । बालबालिकाले आफ्नो समस्याहरू विना हिचकिचाहट राख्न सक्छन् भने शिक्षक विद्यार्थीको साथी, अभिभावक र गुरु बन्न प्रयास गरेको पाइयो ।

सबै विद्यालयमा शिक्षकले शिक्ष विद्यार्थीको सम्बन्ध राम्रो, घनिष्ट र सुमधुर भएको जानकारी दिए तापनि केही विद्यार्थीहरूले शिक्षकसँग डर लाग्छ भन्ने उत्तर दिएका छन् । केही विद्यार्थीले सर गुरुआमाले पिट्नु हुन्छ भन्ने उत्तर दिएका छन् ।

अवलोकनका क्रममा पनि विद्यार्थी शिक्षकसँग डराउने, शिक्षक पनि विद्यार्थीहरूसँग बढी घुलमील हुन नचाहने, बढी घुलमिल गरेमा झर्को मान्ने गरेको व्यवहारबाट देखियो ।

### ४.२.३ शिक्षण सिकाइ क्रियाकलाप

शिक्षण सिकाइम क्रियाकलाप बालकेन्द्रित भएको पाइयो । शिक्षकले बालबालिकाको रुची, आवश्यकता, क्षमता तथा विकासक्रम, व्यक्तिगत स्वभाव पहिचान गरी सिकाइ गरेको पाइयो । शिक्षकले कथा, कविता, चुटकिला, गीतबाट पाठको सुरुवात गरी रमाइलो वातावरणमा सिकाइ गरेको पाइयो । शिक्षकले शिष्ट र शुद्ध भाषामा, हाउभाउ र पर्याप्त शैक्षिक सामग्रीको साथमा अध्यापन गरिएकोले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाएको पाइयो । त्यसैले शिक्षण सिकाइ क्रियाकलापले बालमैत्री व्यवस्थापनलाई सहज गराएको छ ।

### ४.२.४ विद्यार्थी नियन्त्रण प्रक्रिया

बालबालिकामा अध्ययनशील, प्रयत्नशील, लगनशील र अनुशासित बनाउने प्रयास गरिएको छ । बालबालिकालाई डर, त्रास र धम्की दिएर होइन माया, ममता र राम्रो व्यवहार गरेको पाइयो । कक्षामा विद्यार्थीहरूलाई राम्रो कार्य गरे वापत बोलबेला पुरस्कृत गरेको पाइयो । समूह विभाजन गरी टोली नेता बनाई विद्यार्थी नियन्त्रण गरेको पाइयो । समूह नेतृत्वमा कामको बाँडफाँड गरी विद्यार्थी सक्रिय भएको रहेछ । शिक्षकले बालबालिकाको पिरमर्का बुझ्ने, घुलमील हुने र बालमैत्री व्यवहार गर्नाले बालमैत्री कक्षा व्यवस्थापनलाई सहज बनाएको छ ।

### ४.२.५ शिक्षण सामग्री

बालबालिकाले सुनेर भन्दा देखेर, देखेर भन्दा गरेर छिटो सिक्नाले विभिन्न क्रियाकलापहरू गराइन्छ । कक्षामा पर्याप्त मात्र शैक्षिक सामग्री राखिएको रहेछ । अक्षर चिनाउन अक्षरका ब्लकहरू, अक्षरवाला शब्दपत्ति राखिएको रहेछ । भित्तामा चार्ट, अंग्रेजीका साना ठुला वर्णमाला, नेपाली वर्णमाला, संख्या, गुणन तालिका, बालगीतले सजाएको हुनाले बालबालिकाले राम्ररी सिकाइ गरेका रहेछन् । कथा, कविता, चुट्किलाका पुस्तकहरू पढ्ने बानीको विकास भएको रहेछ । शिक्षण सामग्रीले सिकाइलाई रोचक, प्रभावकारी तथा सरल बनाइएको हुनाले शिक्षण सामग्रीले बालमैत्री कक्षा व्यवस्थापनलाई सहज बनाएको छ ।

शिक्षण सामग्रीको नाम र रुचाउने विद्यार्थीको प्रतिशतलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४ : शिक्षण सामग्रीको विवरण

| क्र.सं. | शैक्षिक सामग्रीको नाम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खेल सामग्री | ३ | ३०% |
| २ | मनोरञ्जन सामग्री | ५ | ५०% |
| ३ | भित्ते लेखन | २ | २०% |
| ४ | पाठ्यपुस्तक | ५ | ५०% |
| ५ | स्थानीय सामग्री | २ | २०% |
| ६ | श्रव्य दृष्य सामग्री | १० | १०० % |

*स्थलगत सर्वेक्षण २०७२*

उक्त तथ्यलाई विश्लेषण गरेर हेर्दा प्रत्येक विद्यालयको बालमैत्री कक्षा सञ्चालनमा विद्यार्थीहरूको सिकाइलाई प्रभावकारी र दिगो बनाउन खेल सामग्री, मनोरञ्जनको सामग्री, भित्ते लेखन, पाठ्यपुस्तक, स्थानीय सामग्री, श्रव्य दृष्य सामग्रीद्वारा शिक्षण गरेको पाइयो । कक्षा अवलोकनबाट विद्यार्थीहरूको क्रियाकलाप हेर्दा खेल सामग्री ३०% ले मनपराउँदा रहेछन्, ५०% ले मनोरञ्जनको सामग्री मनपराउँदा रहेछन् । भित्तामा लेखिएको नेपाली अंग्रेजीका साना ठुला अक्षरहरू गुणन तालिका, चित्रहरू, बाह्र महिना, सात बार, संख्या, बालगीतलाई २०% ले रुचाउँदा रहेछन् । ५०% लाई पाठ्यपुस्तक खुब मनपर्दो रहेछ । स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू २०% विद्यार्थीहरूले मनपराएको देखियो । श्रव्य दृष्य सामग्रीद्वारा शिक्षण गर्नाले १००% विद्यार्थीहरूले रमाई रमाई सिकाइ गरेको पाइयो । समग्रमा शिक्षण सामग्री प्रत्येक विद्यालयमा प्रयोग गरेको पाइयो ।

### ४.२.६ अभिभावकको भूमिका

अभिभावकको दायित्व बालबालिकाका लागि महत्वपूर्ण पक्ष हो । बालबालिकालाई दैनिक सरसफाईसा साथै तोकिएको पोशाकमा पठनपाठनका सामग्री, जुत्ता चप्पल, खाजाको राम्रो व्यवस्थापन गरी नियमित रुपमा विद्यालय पुऱ्याउन र लिन आएको पाइयो । समय समयमा बालबालिकाको प्रगति विवरण बुझ्ने गरेको पाइयो विद्यालयले तोकेको समयमा अभिभावक उपस्थित भई आफ्नो

नानीहरूको विषयमा छलफल गरेको पाइयो । विद्यालयले अभिभावकसँग अन्तरक्रिया कार्यक्रम, विद्यालय गतिविधि तथा आर्थिक हिसाब, किताब सार्वजनिक गर्ने आवश्यक सहयोगको माग गर्ने जस्ता कार्यक्रमहरूले अभिभावक र विद्यार्थी बीचको सम्बन्ध सुमधुर भई बालमैत्री कक्षा व्यवस्थापन सहज बनेको छ ।

### ४.२.७ परीक्षामा सम्मिलित तथा कक्षा छाड्ने अवस्थामा सुधार

बालमैत्री विद्यालयले समुदायमा रहेका विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रयास गरेको छ । शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना अभियान, विद्यार्थी स्वागत कार्यक्रम, घरदैलो कार्यक्रम, आमा भेला, भेटघाट, छलफल, अन्तरक्रिया जस्ता कार्यक्रम गर्नाले विद्यालय उमेरका सबै बालबालिका विद्यालयको दायरा भित्र ल्याउने र भर्ना भएका सबैलाई उपयुक्त वातावरण दिई टीका लगाई राख्ने प्रयास गरेको पाइयो । यसरी भर्ना भएका सबैलाई परीक्षामा सामेल गराउने प्रयास स्वरुप बीचैमा कक्षा छाड्नेको संख्यामा केही सुधार भएकोले बालमैत्री कार्यक्रमलाई सहज बनाएको छ ।

तालिका २ : विद्यार्थी विवरण

| क.सं | विवरण | कवि शिरोमणि | | | हरि नि.मा.वि. | | | बाल सुवोधिनी | | | पवित्रा नि.मा.वि. | | | कृष्ण नि.मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | जम्मा भर्ना संख्या | ९ | १६ | २५ | ९ | ९ | १८ | १२ | ८ | २० | ६ | ११ | १७ | १० | १३ | २३ |
| २ | परीक्षामा सामेल | ९ | १३ | २२ | ७ | ६ | १३ | १० | ७ | १७ | ६ | ११ | १७ | ९ | १० | १९ |
| ३ | ड्रप आउट | | ३ | ३ | २ | ३ | ५ | १ | २ | ३ | | | | १ | ३ | ४ |
| ४ | उत्तीर्ण | ६ | ९ | १५ | ७ | ६ | १३ | १० | ७ | १७ | ६ | ११ | १७ | ७ | ७ | १४ |
| ५ | अनुत्तीर्ण | ३ | ४ | ७ | | | | | | | ७ | | | २ | ३ | ५ |

*स्रोत : विद्यालय अभिलेख २०७१*

उक्त तालिका अनुसार श्री हरि निम्न माध्यमिक विद्यालयमा जम्मा भर्ना संख्या १८ मध्ये उत्तीर्ण १३ जना (१००%) अनुत्तीर्ण कोही नभएको र बीचैमा विद्यालय छाडेका ५ जना (२८%) छन् । श्री कवि शिरोमणि उच्च माध्यमिक विद्यालयमा जम्मा भर्ना संख्या २५ जनामा २२ (८८%) जना सामेल रहेका थिए । जसमा ३ (१२%) जनाले विद्यालय छोडेका थिए । १५ (६८%) उत्तीर्ण र ७ (३१.८%) जना अनुत्तीर्ण भएका छन् । श्री बाल सुवोधिनी निम्न माध्यमिक विद्यालयमा जम्मा विद्यार्थी संख्या २० जनामा १७ जना परीक्षामा सामेल भएका थिए र ३ जनाले

बीचैमा विद्यालय छाडेका थिए । कृष्ण निम्न माध्यमिक विद्यालयमा जम्मा भर्ना संख्या २३ जना ४ जना ड्रप आउट भएका थिए । १९ जना परीक्षामा सामेल र १४ जना पास र ५ जना फेल भएका थिए । श्री पवित्रा निम्न माध्यमिक विद्यालयमा जम्मा विद्यार्थी भर्ना संख्या १७ जनामा १७ जनानै परीक्षामा सामेल भएका र कोही पनि अनुत्तीर्ण र ड्रप आउट नभएको पाइयो । बीचैमा विद्यालय छोड्ने प्रवृत्ति न्यून हुँदै गएको पाइयो । विद्यार्थीहरू पनि सन्तोषजनक रुपमा उपस्थिति भएका छन् ।

**४.२.८ विद्यार्थी उर्त्तीण सिकाइ उपलब्धि तथा उपस्थिति**


समुदायमा रहेका विद्यालय उमेरका बालबालिकाहरूलाई भर्ना नगराउनु, भर्ना भएका विद्यार्थीहरूले बीचैमा कक्षा छोड्नु, कक्षा दोहोऱ्याउनु आदिलाई शैक्षिक क्षतिको रुपमा लिइन्छ । यस्तो अवस्थाले सबैको लागि शिक्षा कार्यक्रमले राखेको उद्देश्य हासिल गर्न सक्दैन । विद्यार्थीको सिकाइ उपलब्धि तथा उपस्थितिको अवस्थाले शैक्षिक स्तरको अवस्था देखाउँछ । बालमैत्री विद्यालयले शिक्षक तथा विद्यालय व्यवस्थापन समिति परिचालन गरी घरदैलो कार्यक्रम गरी समुदायमा रहेका विद्यालय उमेरका बालबालिकाको खोजी गरी विद्यालयमा भर्ना गराउने, विद्यालयमा विद्यार्थीहरूलाई रमाइलो वातावरणमा बालकेन्द्रित विधिबाट शिक्षण गर्न मायालु तथा भेदभाव रहित व्यवहार गरेको पाइयो । बालमैत्री कक्षा सञ्चालन भएका विद्यालयले कक्षा छाड्ने तथा दोहोऱ्याउने अवस्थालाई शुन्यमा झारी उपस्थिति ९०% पुऱ्याउने कार्यमा लागेको बालमैत्री कक्षा व्यवस्थापनलाई सहज बनाएको छ ।

औसत उपस्थिति र सिकाइ उपलब्धिलाई तालिका र स्तम्भ चित्रमा प्रस्तुत गर्दा :

तालिका ३ : सिकाइ उपलब्धि र उपस्थिति प्रतिशत

| विद्यालयको नाम | औसत सिकाइ उपलब्धि | औसत सिकाइ प्रतिशत | औसत उपस्थिति (दिन) | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| श्री हरि नि.मा.वि. | २१६ | ३५.८५% | १७६ | ८० % |
| श्री कवि शिरोमणि उ.मा.वि. | २१२ | ३५.३३ % | १४८ | ६६.८८ % |
| श्री बाल सुवोधिनी नि.मा.वि. | २२७ | ३७.९१ % | १९६ | ८८.७५ % |
| श्री पवित्रा नि.मा.वि. | ३२५ | ५४.१३ % | २०० | ९१% |
| श्री कृष्ण नि.मा.वि | २०० | ३३.४५ % | १८७ | ८५ % |

*स्थलगत सर्वेक्षण : २०७२*




उक्त तालिका अनुसार श्री हरि निम्न माध्यमिक विद्यालयको सिकाइ उपलब्धि ३५.८५% र उपस्थिति ८०% रहेको छ । यो अवस्थालाई विश्लेषण गर्दा उपस्थिति न्यून र सिकाइ पनि कमजोर देखिन्छ भने अरु अवस्था राम्रै छ । श्री कवि शिरोमणि उच्च माध्यमिक विद्यालयमा सिकाइ उपलब्धि ३५.३३% र हाजिरी ६६.८% रहेको छ । यो तथ्यलाई विश्लेषण गरेर हेर्दा सबै पक्ष राम्रो भए तापनि हाजिरी र सिकाइ उपलब्धि न्यून रहेको पाइयो । श्री बाल सुबोधिनी निम्न माध्यमिक विद्यालयमा सिकाइ उपलब्धि ३७.९१% र हाजिरी ८८.९७% रहेको छ । श्री पवित्रा निम्न माध्यमिक विद्यालयमा सिकाइ उपलब्धि ५४.१३% र हाजिरी ९१% रहेकोले विद्यालयको शैक्षिक अवस्था सुधिदै गएको पाइन्छ । श्री कृष्ण निम्न माध्यमिक विद्यालयमा सिकाइ उपलब्धि ३३% र हाजिरी ८५% रहेको पाइयो ।

## ४.३ बालमैत्री कक्षा व्यवस्थापनका चुनौति

बालमैत्री कक्षा व्यवस्थापनमा आवश्यक भौतिक पूर्वाधार, बालमैत्री वातावरण र बालमैत्री व्यवहारको अति आवश्यकता पर्दछ । विद्यालयलाई बालमैत्री बनाउन नसक्नुका पछाडि के कस्ता चुनौतिहरू रहेछ नभनी प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक र विद्यार्थीलाई छुट्टाछुट्टै प्रश्नावली अर्न्तर्वाता मार्फत तथ्याङ्क संकलन गरिएको थियो । उक्त तथ्यको आधारमा बालमैत्री कक्षा व्यवस्थापनका चुनौतिहरू निम्न रहेका छन् ।

### ४.३.१ आर्थिक चुनौति

समाजमा आर्थिक रुपमा विपन्न परिवारका छोराछोरी मात्रै सामुदायिक विद्यालयमा आउने सम्पन्न परिवारका निजी विद्यालयमा जाने परिपाटी रहेको पाइन्छ । परिवारले लगानी गर्न नसक्ने, सरकारले व्यवस्थापन खर्च नदिने, निशुल्क शिक्षा लागू गर्नु पर्ने हुँदा नियमित आयस्रोत नभएका विद्यालयलाई बालमैत्री कक्षा व्यवस्थापनका लागि आवश्यक भवन, फर्निचर, शैक्षिक सामग्रीको व्यवस्थापन गर्नको लागि वाधा उत्पन्न भएको कुरा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षले बताउनु भयो ।

### ४.३.२ तालिम प्राप्त शिक्षकको अवस्था

बालमैत्री कक्षा सञ्चालन गर्नको लागि तालिम प्राप्त शिक्षकको आवश्यकता पर्दछ । तर तालिम प्राप्त शिक्षकको अभावमा बालमैत्री कक्षा सञ्चालन गर्न समस्या उत्पन्न भएको छ । शैक्षिक जनशक्ति विकास केन्द्रले तालिमको व्यवस्था गरे तापनि सम्पूर्ण शिषक तालिममा सहभागी हुन नपाएकोले समस्या उत्पन्न भएको छ । विद्यालयमा थोरै तलबमा निजी श्रोतमा शिक्षक नियुक्ति गर्नुपर्ने अवस्था छ । सरकारले निजी स्रोतमा शिक्षकलाई तालिमको व्यवस्था नगर्ने र विद्यालयले पनि आफ्नो खर्चमा तालिमको आयोजना गर्न नसक्ने भएकाले बालमैत्री कक्षा व्यवस्थापनमा चुनौति झेल्नु परेको छ ।

### ४.३.३ पेशाप्रतिको उत्तरदायित्व

शिक्षकहरूले आफ्नो पेशाप्रति सधैं कर्तव्यशील र उत्तरदायी हुनुपर्छ । आफूले तालिममा सिकेका कुराहरूलाई कक्षामा प्रयोग गरी व्यवहारमा परिवर्तन गर्नुपर्दछ । तालिममा जाने तर तालिमका कुरालाई व्यहारमा उतार्न नसक्दा आफ्नो पेशाप्रति गौरव ठान्ने र बालबालिकाको भविष्यप्रति चिन्तन नगरेको पाइन्छ । कार्यक्षेत्रमा जुन परिवर्तन आउनु पर्ने हो त्यो आएको पाइदैनम । यसरु शिक्षक आफ्नो पेशाप्रति उत्तरदायी नहुनाले बालमैत्री कक्षा व्यवस्थापनमा चुनौती रहेको छ । गुणात्मक शिक्षा अभिवृद्धिका लागि शिक्षकहरूमा पेशाप्रति इमान्दारी, कला, कौशल, ज्ञान, समयको महत्व बुझाई, आफ्नो विषयमा दक्षता, शैक्षिक सामग्री निर्माण संकलन र प्रयोगको सीप, पेशाप्रति समर्पण भाव, बालबालिकाको

सफलतालाई आफ्नो सफता, बालबालिकालाई भविष्यका सुयोग्य नागरिक बनाउने तर्फ प्रयत्नशील, उनीहरूको सर्वाङ्गिण विकासका लागि श्रमशीलता आदि हुनुपर्दछ ।

बालबालिकाको व्यक्तित्व विकासमा शिक्षकले आफ्नो पेशाप्रति सदैब प्रतिवद्ध रही त्यसमा गौरब मान्नुपर्दछ (सेरिड २०५९) ।

### ४.३.४ अनुगमन र सुपरिवेक्षण

शिक्षा ऐन अनुसार अनुगमन तथा सुपरीवेक्षणको जिल्ला जि.शि.अ., विनी स्रोत व्यक्ति, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति लाई दिइएको भए तापनि समय समयमा विद्यालयको निरीक्षण खासै नगरेको पाइयो । जसले गर्दा अनुगमन, निरीक्षण, सुपरीवेक्षण तथा परामर्श सम्बन्धी चुनौति रहेको छ ।

### ४.३.५ शारीरिक तथा मानसिक दण्ड

बालमैत्री कक्षा भनेको दण्ड रहित कक्षा हो । तर पनि विद्यार्थीसँग गरिएको प्रश्नावली अन्तरर्वार्ता मार्फत शिक्षकले कुट्ने, उठवस गर्न लगाउने जस्ता शारीरिक पिडा दिइएको पाइयो । विद्यार्थीलाई माया ममता गरे तापनि नकारात्मक सजाय दिनाले बालमैत्री कक्षा व्यवस्थापनमा चुनौती झेल्नुपरेको छ ।

### ४.३.६ विद्यालय समुदायको सम्बन्ध

विद्यालय र समुदायको सम्बन्ध राम्रो भएमा मात्र विद्यालयको वातावरणमा परिवर्तन आउँछ । समुदायका बुद्धिजीवी व्यक्तित्वहरूले आफ्ना नानीहरूलाई नीजि विद्यालयमा लाने र सामुदायिक विद्यालयप्रति कुनै चासो नदेखाएकोले चुनौति झेल्नु परेको छ ।

### ४.३.७ अभिभावकको सोच

अभिभावक विद्यालयको जिम्मेवार व्यक्ति हो । आफ्ना नानीहरूको विद्यालय आउने गर्नु, नानीहरूलाई सफा सुग्घर बनाई पठनपाठनको सामग्री जुत्ता, चप्पल खाजाको व्यवस्थापन गरी विद्यालय पुऱ्याउन आउनु पर्ने र लिन जानुपर्ने भए तापनि केही अभिभावक मात्रै विद्यालयप्रति चासो राख्ने र आफ्ना नानीहरूको पढाइमा चासो राख्ने गरको पाइयो । नानीहरूप्रति जुन जिम्मेवारी निभाउनु पर्ने हो त्यो ननिभाएकोले अभिभावकको सोचको लागि बालमैत्री कार्यक्रमको लागि चुनौति बनेको छ ।

### ४.३.८ स्वास्थ्य खानेपानी तथा शौचालय

खानेपानीको धारा, ट्यूवेल, शौचालयको संख्या पर्याप्त भए तापनि त्यसको सरसफाई नभएकोले बालमैत्री व्यवस्थापनमा बाधा उत्पन्न भएको छ ।

### ४.३.९ पुस्तकालयको व्यवस्था

बालबालिकाको लागि छुट्टै पुस्तकालयको व्यवस्था हुनुपर्ने हो । उनीहरूको पठनपाठन सीपको विकास गर्न, बौद्धिक क्षमताको नयाँ नयाँ कुरा सिक्न जान्न, बुझ्न, पढाइप्रति प्रयत्नशील हुन, निरन्तर पढ्ने बानीको विकास गर्न, पुस्तकहरू पर्याप्त मात्रामा हुनुपर्ने र पुस्तकालयको राम्रो व्यवस्था हुनुपर्ने आवश्यकता महसुस गरिन्छ । शिक्षा नियमावलीमा एक विद्यार्थी बराबर दुईवटा पुस्तक रहेका पुस्तकालय हुनुपर्ने व्यवस्था भए तापनि यसप्रति सरकारले तथा विद्यालय प्रशासनले चासो नदेखाएकोले बालमैत्री कार्यक्रम सञ्चालन गर्न समस्या रहेको छ । बालमैत्री कार्यक्रमले दिइएका पुस्तक बाहेक विद्यालयमा अरु पुस्तकको व्यवस्था नरहेकोले चुनौति खप्नु परेको छ ।

### ४.३.१० भाषिक कठिनाई

विद्यालयमा पढ्न आउने नानीहरू फरक-फरक समुदायका छन् । उनीहरूको मातृभाषा पनि फरक-फरक छ तर पाठ्यपुस्तक नेपाली भाषामा लेखिएको र शिक्षण पनि नेपाली भषाको भएकोले अन्य भाषा भाषीका नानीहरूलाई भाषिक कठिनाई परेकोले बालमैत्री कक्षा सञ्चालनमा चुनौति सामना गर्नु परेको छ ।

## ४.४ कक्षा व्यवस्थापनलाई प्रभावकारी रुपमा बालमैत्री बनाउने उपाय

बालमैत्री कक्षा व्यवस्थापनका लागि आवश्यक पूर्वाधार तथा उपयुक्त वातावरण निर्माण भएको छैन । बालमैत्री कक्षा व्यवस्थापनका लागि सरकारी तथा गैर सरकारी क्षेत्रलाई सक्रिय बनाई निरन्तर कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यसरी कार्यक्रम सञ्चालन गरिए तापनि समस्याको समाधान खासै हुन सकेको छैन । बालमैत्री कक्षा व्यवस्थापनमा रहेका समस्याहरू कसरी समाधान गर्न सकिन्छ भनी गरिएको अन्तर्वार्ता तथा अवलोकनबाट प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र शिक्षकहरूबाट संकलित सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.४.१ आर्थिक अवस्था सुधार्ने

विद्यालयको आर्थिक अवस्था सुधार्न विद्यालयको जग्गा तथा अन्य सम्पत्तिको संरक्षण गर्ने, स्थानीय स्रोतहरूको परिचालन गर्ने, सामुदायिक वन, गा.वि.स., नगरपालिका, हाटबजार आदि क्षेत्रबाट प्राप्त स्रोतलाई विद्यालयको हितको लागि केही हिस्सा व्यवस्थापन गरी विद्यालयको आम्दानीको स्रोत बढाउनु पर्दछ । आमा समूह, बाल कल्ब, स्थानीय क्षेत्रका गैह्र सरकारी संस्थाहरूलाई समेट्ने गरी भैलो, नाटक जस्ता कार्यक्रमहरूद्वार आर्थिक संकलन गरी विद्यालयको आर्थिक अवस्था सुधार्न सकिन्छ भन्ने सुझाव विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, प्रधानाध्यापक र शिक्षकबाट प्राप्त भएको छ ।

### ४.४.२ तालिम प्राप्त शिक्षकको व्यवस्थापन गर्ने

विद्यालयले शिक्षकलाई अनिवार्य रुपमा तालिममा सहभागी गराउनु पर्दछ । शिक्षकलाई आवश्यक पर्ने तालिमको लागि पायक पर्ने विद्यालयहरूसँग समन्वय गर्ने, स्रोत केन्द्र तथा शैक्षिक तालिम केन्द्रसँग सहयोग माग गरी आवश्यक तालिमको व्यवस्थापन गर्ने, नयाँ शिक्षक नियुक्ति गर्दा पेशागत दक्षतालाई अनिवार्य गर्ने जस्ता कार्य गरेमा सबै शिक्षकलाई तालिम प्राप्त बनाउन सकिन्छ भन्ने सुझाव प्रधानाध्यापकहरूबाट प्राप्त भएको छ ।

### ४.४.३ पेशाप्रतिको उत्तरदायित्व वहन गर्ने

शिक्षकले तालिम लिएर विद्यालयमा आए पश्चात शिक्षक बैठकमा आफ्नो कुराहरू सबैसँग जानकारी गराउने र कक्षाकोठामा आफूले तालिममा प्राप्त गरेका कुराहरूलाई अनिवार्य रुपमा प्रयोग गर्ने । शिक्षकले तालिममा सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गरे वा नगरेको प्रधानाध्यापकले अनुगमन गर्नु पर्दछ । प्रधानाध्यापकले निरन्तर अनुगमन गरी शिक्षकलाई आवश्यक सल्लाह सुझाव दिएमा शिक्षकहरू पेशाप्रति जिम्मेवारी बनाउन सकिन्छ भन्ने सुझाव प्रधानाध्यापकहरूबाट प्राप्त भएको छ ।

### ४.४.४ अनुगमन र सुपरीवेक्षणको व्यवस्था गर्ने

विद्यालयको अनुगमन र सुपरीवेक्षणको प्रमुख दायित्व प्रधानाध्यापकको हो । दैनिक रुपमा प्रधानाध्यापक नै विद्यालयमा उपस्थित हुन्छन् । विद्यालय निरीक्षक र स्रोत व्यक्तिबाट महिनाको एक पटक विद्यालय अनुगमन गरी शिक्षकलाई आवश्यक

सल्लाह र परामर्श दिनुपर्छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई समय समयमा पालैपालो विद्यालयको अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउन सकेमा बालमैत्री कक्षा व्यवस्थापनमा सुधार आउने थियो भन्ने सुझाव विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबाट प्राप्त भएको छ ।

### ४.४.५ दण्ड रहित वातावरणको व्यवस्थापन गर्ने

शिक्षकलाई बालमैत्री कक्षा सम्बन्धी विशेष तालिमको व्यवस्था गरी कक्षा शिक्षणमा दण्डको सट्टा पुरस्कारको प्रयोग गर्न लगाउने । विद्यार्थीहरूलाई माया, ममताले अनुशासनमा राखी बालकेन्द्रित विधिबाट कक्षा शिक्षण गरी आवश्यक पर्ने शैक्षिक सामग्री तोकिएको समयमा विद्यालयमै निर्माण गरी अर्थात अन्यत्रबाट ल्याई कक्षाकोठामा प्रयोग गरी रोचक ढंगबाट पुनर्वल प्रदान गर्दै शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्दछ । अभिभावकहरूलाई घरमा बालमैत्री व्यवहार गर्ने सम्बन्धी आवश्यक तालिम दिन सकेमा बालमैत्री कक्षा व्यवस्थापनमा सुधार आउने थियो भन्ने सुझाव प्रधानाध्यापक र शिक्षकहरूबाट प्राप्त भएको छ ।

### ४.४.६ विद्यालय र समुदायको सम्बन्धमा सुधार गर्ने

विद्यालय सञ्चालन गर्नको लागि समुदायको ठुलो हात हुन्छ । समुदायको सक्रियतामा विद्यालय राम्ररी चलेको हुन्छ । तसर्थ समय समयमा विद्यालयमा अभिभावक भेला गर्ने, आमा भेला गर्ने, भेटघाट, छलफल, अन्तरक्रियाको कार्यक्रम राख्ने गरेमा अभिभावकहरू सक्रिय हुन्छन् । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी सबै सक्रिय भई अभिभावकहरूलाई विद्यालयमा बोलाई नानीहरूको पठनपाठन सम्बन्धी जानकारी दिने, दैनिक रुपमा सफा सुग्घर भई विद्यालय पठाउने, लिन आउने र पुऱ्याउने भन्ने विषयमा चेतना जगाउन सकेमा विद्यालय र समुदायको सम्बन्धमा सुधार आई बालमैत्री कक्षा व्यवस्थापनमा सहज हुने थियो भन्ने सुझाव प्रधानाध्यापक, शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्राप्त भएको छ ।

### ४.४.७ ऐन नियमको व्यवथा र कार्यान्वयन गर्ने

सबै विद्यालयहरूलाई बालमैत्री बनाउन न्यूनतम मापदण्ड तोक्ने । मापदण्डसम्म पुऱ्याउनको लागि सरकारले सहयोग गर्ने नीति अवलम्बन गर्नुपर्दछ ।

प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ सबैको संयुक्त बैठक बसी विद्यालयको लागि आवश्यक वातावरण तथा पूर्वाधार निर्माणका लागि कार्ययोजना निर्माण गरी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यार्थीका जिम्मेवारी तथा कर्तव्य निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ भन्ने सुझाव पाँच जना प्रधानाध्यापकहरूबाट प्राप्त भएको छ ।

**४.४.८ स्वस्थ खानेपानी तथा शौचालयको व्यवस्था गर्ने**

स्वस्थ खानेपानी र शौचालय विद्यालयको अति आवश्यकीय नभई नहुने कुरा हो । आवश्यक मात्रामा बालबालिकाको लागि छुट्टाछुट्टै चर्पीको व्यवस्था गर्नुपर्दछ । खानेपानी र चर्पीम विद्यार्थीहरूले चुक्कुल खोल्न र बन्द गर्न सक्ने हुनुपर्दछ । फोहोर राख्नु हुँदैन । खानेपानी र शौचालयको संख्या पर्याप्त भएर मात्रै हुँदैन त्यसको सही सदुपयोग र सरसफाईको उत्तिकै आवश्यकता पर्दछ । तसर्थ विद्यालयमा आवश्यक मात्रामा खानेपानी र शौचालयको व्यवस्था गरी त्यसको सरसफाई गरेमा बालमैत्री कक्षा व्यवस्थापनमा सहजता आउने थियो ।

**४.४.९ पुस्तकालयको व्यवस्था गर्ने**

प्रत्येक विद्यालयमा एक विद्यार्थी बराबर दुईवटा पुस्तक भएको पुस्तकालय हुनुपर्ने व्यवस्था शिक्षा नियमावलीमा उल्लेख गरिएको छ । साना-साना बालबालिकालाई पाठ्यपुस्तक बाहेक रमाइला कथा, गीत, चुटकिला, कविता, चित्र भएको पुस्तकहरू आवश्यक पर्दछ तर यस तर्फ ध्यान दिएको पाइदैन । त्यसैले विद्यालयको स्रोत विद्यार्थी तथा अभिभावकको सहयोग, दातृ निकायको सहयोग आदि संकलन गरी विद्यालयमा पुस्तकालयको व्यवस्था गर्नुपर्ने सुझाव प्रधानाध्यापक र केही शिक्षकहरूबाट प्राप्त भएको छ ।

**४.४.१० मातृभाषा पढाउन योग्य शिक्षकको व्यवस्था गर्ने**

नेपाल बहुभाषिक देश भएकोले नेपाली मातृ भाषा नभएका बालबालिकालाई नेपाली भाषा बुझ्न गाह्रो हुन्छ । विद्यालयमा जुन मातृभाषा भएका विद्यार्थीहरूको संख्या धेरै हुन्छ तथा बहुसंख्यकले बुझ्ने भाषा जान्ने शिक्षकको व्यवस्था गर्नुपर्दछ । सकेसम्म विद्यार्थीहरूको भाषिक अवस्था अनुसार बहुभाषा जान्ने शिक्षकको व्यवस्था गरी विद्यार्थीहरूलाई प्रोत्साहन दिनुपर्ने कुरा कक्षा अवलोकनबाट प्राप्त गरिएको छ ।

**अध्ययनका प्राप्तिहरू**

सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन शीर्षकमा झापा जिल्लाको बाहुण्डाँगी र काँकरभिट्टा स्रोतकेन्द्र अन्तर्गतका पाँचवटा सामुदायिक विद्यालयमा स्थलगत अध्ययन, तथ्याङ्कको व्याख्या र विश्लेषण, सरोकारवालाहरूको प्रतिक्रियाहरूबाट प्राप्त प्रतिक्रियाहरूको आधारमा पाइएको प्राप्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

बालमैत्री कक्षा सञ्चालन भएका विद्यालयहरूमा कक्षाकोठाका भित्ताहरू नेपाली र अंग्रेजी वर्णमालाका साना ठुला अक्षरहरू, संख्या, बाह्रखरी, सातबार, बाहमहिना, राम्रा राम्रा आकर्षक चित्रहरू, बालगीतले सिंगारिएको पाइयो ।

कक्षाकोठामा शैक्षिक सामग्रीहरू राख्ने छुट्टै दराजको व्यवस्था भएको पाइयो । विद्यालयमा प्रसस्तै खेलकुदका सामग्रीहरू, फराकिलो खेलमैदान, स्वच्छ खानेपानी, छात्रा, छात्र र शिक्षकको छुट्टाछुट्टै शौचालय रहेको पाइयो ।

कक्षाकोठामा डेस्कवेन्च र कार्पेटको राम्रो प्रवन्ध भएको पाइयो । विद्यार्थीहरूलाई U आकारमा बसाइएको पाइयो । विद्यार्थीहरूलाई नियमित रुपमा विद्यालयमा आउने बानीको विकास गर्न फाइनको व्यवस्था र नियमित गृहकार्य गर्नेलाई पुरस्कृत गर्ने गरेको पाइयो ।

अतिरिक्त क्रियाकलापहरूमा विद्यार्थीहरू सक्रिय भएको पाइयो । विद्यार्थीहरूलाई समूहमा विभाजन गरी टोली नेता बनाई विद्यार्थी नियन्त्रण गरेको पाइयो । विद्यार्थीहरू सफासुग्घर भइ विद्यालयमा आएको पाइयो । अभिभावकहरूले दैनिक रुपमा लिन जाने र पुऱ्याउने गरेको पाइयो ।

बालमैत्री कक्षा सञ्चालन भएको विद्यालयको विद्यार्थीहरूको उपस्थिति र बीचैमा कक्षा छाड्ने दरमा केही सुधार भएको पाइयो ।

सामुदायिक विद्यालयमा सञ्चालित बालमैत्री कक्षा व्यवस्थापन शीर्षकमा गरिएको अनुसन्धानमा फ्रोबेल र मन्टेश्वरीको सैद्धान्तिक खाका छनौट गरिएको थियो । यी दुवै सिद्धान्तले बालकेन्द्रित शिक्षण सिकाइ गर्ने विधिहरू, क्रियाकलापहरू र शैक्षिक सामग्रीहरू प्रारम्भिक बालविकास कक्षामा अध्ययनरत बालबालिकाहरूमा प्रयोग गर्न मेल खाएको देखियो । यी सिद्धान्त अनुसार शिक्षण सिकाइ बालमैत्री वातावरणमा बालबालिकाहरूको उमेर र स्वभाव अनुकुल छनौट गरी अगाडि बढाउन प्रशस्त सहयोग पुऱ्याएको छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

यस अध्ययनमा प्रयोग गरिएका प्रश्नावली, अवलोकन अन्तरर्वार्ता, भेटघाट, छलफल तथा अनुभव गरिएका तथ्यहरूको आधारमा पाइएका अवस्थाहरूलाई पाँचौ परिच्छेदमा प्रस्तुत गरिएको छ । अध्ययनबाट प्राप्त भएका प्राप्ति, सम्बन्धित साहित्यको अध्ययन तथा आफ्नो अनुभवका आधारमा निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

बालबालिकालाई कार्पेट र कुसनको व्यवस्था गरी U आकार वृत्ताकार रुपमा राखिएको छ । कक्षाकोठामा प्रकाश छिर्ने, फराकिला, झ्याल ढोका लगाउन मिल्ने छन् । एउटा विद्यालयमा झ्यालमा पल्ला रहेनछ । जिल्ला शिक्षा कार्यालयमा भवनको माग गर्ने, प्रतिनिधि मण्डल जाने कार्य विद्यालय व्यवस्थापन समिति बाट भएको रहेछ । कक्षाकोठामा आवश्यक मात्रामा शैक्षिक सामग्री र खेलकुद तथा मनोरञ्जनका सामग्री राखिएको छ । भित्तामा नेपाली, अंग्रेजी अक्षर, अंक, सातवार, बाह्रखरी, बालगीत, चित्र, गुणन तालिका, संख्याद्वारा सजाइएको छ । कक्षाकोठा व्यवस्थापनको सम्पूर्ण जिल्ला शिक्षकलाई सुम्पिएको छ । बालबालिकाले बनाएका चित्रहरू तथा अन्य सामग्रीहरू भित्तामा टाँसिएको छ । विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट बेलाबेलामा कक्षाकोठाको अनुगमन गरी आवश्यक सुझाव र सल्लाह दिइएको । गृहकार्य नियमित रुपमा दिने गरेको र राम्रो गर्नेलाई पुरस्कृत गरिएको छ । कक्षाकोठामा विद्यार्थी नियन्त्रण टोली नेता बनाई समूह विभाजन गरिएको छ ।

कक्षाकोठाको सरसफाई विद्यार्थी आफैले पालैपालो गर्ने गरेका छन् । खानेपानी र शौचालयको राम्रो प्रवन्ध छ । फिल्टरको पानी दिने गरेको रहेछ । पाठको शुरुबाट बालमैत्री ढंगबाट कथा, कविता, चुटकिला, गीत सुनाई मनोरञ्जन रुपमा गरिएको छ । शिक्षक र विद्यार्थी बीचमा घनिष्ट सम्बन्ध रहेको छ । कक्षाकोठालाई व्यवस्थित गरी बालकेन्द्रित सिकाइलाई जोड दिइएको छ । अभिभावकलाई सक्रिय बनाउन आमा भेला, भेटघाट, छलफल, अन्तरक्रिया कार्यक्रम, घरदैलो कार्यक्रम गरिएको रहेछ । नानीहरूका प्रगति विवरण सुन्न नियमित रुपमा विद्यालय नआई वार्षिक परीक्षाफल सुन्न मात्र आउने गरेका रहेछन् । अभिभावकले नानीहरूलाई सफा सुग्घर बनाई, पोशाक, किताब, कापी, पेन्सिल, झोला सहित विद्यालय पुऱ्याइएको र

पठाउँदा रहेछन् । निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको व्यवहारमा परिवर्तन भए तापनि कक्षामक छाड्ने र दोहोऱ्याउे संख्यामा खासै परिवर्तन भएको छैन ।

बालमैत्री वातावरणमा विद्यार्थीहरूलाई व्यवस्थापन गरिए तापनि बालमैत्री कार्यक्रमले जति प्रतिफल दिनुपर्ने हो त्यति दिइएको छैन । जति व्यवस्थित र मर्यादित हुनुपर्ने हो त्यति नभएको पाइन्छ । तथापी बालमैत्री कार्यक्रम सुरुको अवस्थादेखि हालसम्म केही सुधार भने पक्कै भएको छ र सुधारोन्मुख अवस्थामा छ । त्यसैले विद्यालयको शिक्षकलाई बालमैत्री सम्बन्धी तालिम दिई प्रधानाध्यापकलाई विशेष जिम्मेवारी दिई निरन्तर अनुगमन तथा सुपरीवेक्षणलाई निरन्तरता दिदै संयुक्त रुपमा नै वृहत कार्यक्रम ल्याई सबै विद्यालयलाई बालमैत्री बनाई शिक्षामा क्रान्तिकारी परिवर्तन गर्न सबै पक्षबाट सहयोग जुटाई बालमैत्री कक्षा व्यवस्थापन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

## ५.२ सुझावहरू

यस अध्ययनको छनौटमा परेका विद्यालयहरूमा बालमैत्री कक्षा व्यवस्थापन सम्बन्धी अध्ययन गर्ने क्रममा प्रश्नावली तथा कक्षा अवलोकन फारमबाट प्राप्त उत्तर र प्रत्यक्ष अवलोकनबाट प्राप्त गरिएको अनुभवका आधारमा बालमैत्री कक्षा व्यवस्थापनका लागि सम्बन्धित पक्षहरूमा तपसिलका सुझावहरू पेश गरिएको छ ।

### ५.२.१ नीतिगत तह

प्राचार्य तथा प्रधानाध्यापकलाई अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी तालिम दिईआफ्ना मातहतका शिक्षकको नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्न लगाउनु पर्दछ। विद्यालयका सम्पूर्ण शिक्षकहरूलाई बालमैत्री कक्षा व्यवस्थापन सम्बन्धी आवश्यक तालिमको व्यवस्था मिलाउनु पर्दछ ।

बालमैत्री कक्षा व्यवस्थापनका लागि चाहिने भौतिक पूर्वाधार निर्माणमा स्थानीयसंघसंस्था परिचालन गर्न सरकारले नीति नियम बनाउनु पर्ने देखियो । विद्यालय संख्याको आधारमा विनी र स्रोत व्यक्तिको दरवन्दी कायम गर्नु पर्दछ । प्रत्येक विद्यालयमा प्राथमिक उपचारको सेवा दिन एक जना शिक्षकलाई स्वास्थ्य सहायकको तालिमको व्यवस्था गर्नुपर्दछ ।

आफ्नो जिल्लामा रहेको विद्यालयहरूको अवस्था बारे नियमित जानकारी लिइ विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिलाई नियमित रुपमा विद्यालयको अनुगमन भए नभएको जानकारी लिने र नियमित रुपमा अनुगमनका लागि खटाउनु पर्दछ ।

प्रत्येक महिनाको अन्त्यमा विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई आफ्नो प्रगतिको विवरण र आगामी महिनाको कार्य योजना पेश गर्न लगाउने र कार्य योजना अनुसार कार्य गरे नगरेको अनुगमन गर्नुपर्दछ ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्षलाई आवश्यक तालिमको व्यवस्था गर्नुपर्दछ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्षहरूको बैठक, सामूहिक गोष्ठि, सेमीनारको आयोजना गर्ने र प्रधानाध्यापकलाई आफ्नो कार्यप्रति जिम्मेवार र जवाफदेही बनाउनु पर्द ।

**५.२.२ कार्यान्वयन तह**

विद्यालयमा शिक्षक तथा विद्यार्थीका निम्ति आचारसंहिता निर्माण गरी लागू गर्नुपर्दछ । विद्यालयका आचारसंहिता तथा अन्य कार्यक्रमका बारेमा निर्णय गर्दा सरोकारवालालाई सहभागी गराउनु पर्दछ ।

बालबालिकाको लागि स्वच्छ र सुरक्षित वातावरणको व्यवस्था, विद्यालयमा बाचनालय तथा पुस्तकालयको व्यवस्था गरी प्रत्येक कक्षाको लागि हप्ताको १ पटक पुस्तकालयको समय मिलाउनु पर्ने देखियो ।

विद्यालयमा अभिभावकलाई सक्रिय बनाइ नियमित रुपमा अभिभावक दिवस मनाइ उत्कृष्ट अभिभावकलाई सम्मान गर्ने र बेलाबेलामा नानीहरूको पढाई सम्बन्धी अभिभावकहरूको वृहत अन्तरक्रिया कार्यक्रमको व्यवस्था मिलाउनु पर्दछ । नियमित रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूलाई सक्रिय बनाउनु पर्दछ ।

शिक्षकहरूलाई तालिममा पढाइ आवश्यक सुधार भएको वा नभएको अनुगमन गरी कक्षाकोठा व्यवस्थापनमा शिक्षकलाई सक्रिय बनाइ नियमित रुपमा कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलाप अन्य पक्षहरूको अनुगमन गरी आवश्यक पृष्टपोषण प्रदान गर्नु पर्ने देखियो ।

समुदायमा रहेका विद्यालय उमेरका बालबालिकाको खोजी गरी भर्ना गराउने, प्रत्येक महिना नियमित बैठक बसी विद्यालयले सञ्चालन गरेका कार्यको उपलब्धि समीक्षा गर्दै भावी कार्यनीति निर्माण गर्नुपर्दछ ।

साना कक्षाका लागि विद्यार्थीको मातृभाषा बुझ्ने शिक्षकको व्यवस्था गर्नुपर्दछ । शिक्षकलाई बालमैत्री कक्षा व्यवस्थापनको लागि तालिमको व्यवस्था गर्नुपर्दछ । समावेशी शिक्षामा जोड दिदै बाल सहभागिता वृद्धि गर्नुपर्दछ । बालकेन्द्रित शिक्षण विधि अपनाइ दण्डलाई निरुत्साहित गरी पुरस्कारको व्यवस्था गर्ने गर्नुपर्दछ ।

कक्षाकोठाको वातावरण रमाइलो बनाएर बालमैत्री शिक्षण सिकाइ गर्नुपर्दछ । नियमित रुपमा गृहकार्य गर्न लगाउने र राम्रो गर्नेलाई पुरस्कृत गर्नुपर्दछ । विद्यार्थी र शिक्षकको सम्बन्ध सुमधुर र घनिष्ट बनाउने, विद्यार्थीहरूको प्रगतिको विवरण अभिभावकलाई जानकारी दिनुपर्दछ ।

**५.२.३ अनुसन्धान तह**

यस सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन अनुसन्धानले भावी अनुसन्धानकर्ताहरूलाई मार्गदर्शन गर्न सके तापनि यस विषयमा अझ बढी गहन अध्ययन अनुसन्धान गरी खोज गर्न सकिन्छ ।

बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्दा आइ पर्ने मुख्य मुख्य समस्याहरूको बारेमा अध्ययन अनुसन्धान गरी यसका समाधानका उपायहरू सुझाउन सकिन्छ । सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापनले बालबालिकाको सिकाइमा पारेको सकारात्मक प्रभावको बारेमा अझ बढी खोज अनुसन्धान गर्न सकिन्छ ।

बालमैत्री कक्षा व्यवस्थापनको वर्तमान अवस्थाको विस्तृत विश्लेषण गरी खोज अनुसन्धान गर्न सकिन्छ । बालमैत्री शिक्षण सिकाइको नीतिगत व्यवस्थापन र संरचना सम्बन्धमा अनुसन्धान गर्न सकिन्छ । बालमैत्री शैक्षिक सामग्री, शिक्षण विधि, शिक्षण क्रियाकलापहरू, शिक्षण योजनाहरूका सम्बन्धमा अझ व्यापक खोज अनुसन्धान गरी निष्कर्षमा पुग्न सकिन्छ ।

# सन्दर्भ सूची

अयडी, रतन, (२०६६), *पत्रकारित छोडेर शिक्षक भन्ने जम्काभेट,* अन्तर्वार्ता शिक्षक मासिक पृ. ६४, ललितपुर : पाटनढोका ।

काफ्ले, बासुदेव, विष्ट, मीनबहादुर, सिन्हा रामस्वरुप र श्रेष्ठ चन्द्रबहादुर (२०६०), शैक्षिक योजना, काठमाण्डौ : भुँडीपुराण प्रकाशन ।

घिमिरे, रोहिणीप्रसाद, (२०६७), *शिक्षकको जागिर मनका कुरा* पृ. २५, ललितपुर : पाटनढोका ।

जोशी, वाल्मिकी, (२०६५), *प्रा.वि. तहमा शिक्षकको पेशागत दक्षता,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षा शास्त्र संकाय, त्रि.वि. काठमाण्डौ ।

पौडेल, रामविलास, (२०६८), *बालमैत्री कक्षा व्यवस्थापन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय, *शैक्षिक योजना तथा व्यवस्थापन विभाग,* बुटवल बहुमुखी क्याम्पस ।

बालकेन्द्रित सिकाई प्रक्रिया, (२०६७), *शिक्षकका लागि अध्ययन एवं सिकाइ सामाग्री* काठमाण्डौ : सामुदायिक विकास प्रवर्द्धन केन्द्र ।

सिंह, जय पृथ्वीबहादुर, (२०६०), *शान्तिका उपाय,* काठमाण्डौ : भुँडी पुराण प्रकाशन ।

सेरिड, (२०५९), *बच्चाबच्चीले के सिकुन भन्ने आमाबाबुले चाहन्छन्,* काठमाण्डौं : लेखक भट्टराई, केशवप्रसाद, लुइटेल, बालचन्द्र शाक्य, मिरा विष्ट, स्वयिराम २०६२, बालमैत्री विद्यालय शिक्षक पशिक्षण पुस्तिका शिक्षा विभाग/सेभ द चिल्र्डेन एलाइन्स : काठमाण्डौ ।

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाण्डौ एम के पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

शर्मा नारायण प्रसाद पाण्डे, गौरी शंकर धामी, श्याम सिंह ज्ञवाली, कपिलमणि चापागाई, बालकृष्ण र अन्य, (२०६३), *सजाय रहित शिक्षण सिकाइ तरिका सम्बन्धी शिक्षक तालिम कार्यक्रम,* सानोठिमी, भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र ।

ज्ञवाली टिकाराम, (२०६७), *प्राथमिक शिक्षामा गुणस्तर* शिक्षाको व्यवस्थापन अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय शैक्षिक योजना तथा व्यवस्थापन विभाग, बुटवल बहुमुखी क्याम्पस ।

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-१

## प्रधानाध्यापकसँग अन्तरर्वाता लिनका लागि तयार पारिएको प्रश्नावली

विद्यालयको नाम :

ठेगाना :

स्रोतकेन्द :

प्रधानाध्यापक को नाम :

१. विद्यालयमा शैक्षिक सामग्रीको अवस्था कस्तो छ ?

क) उच्च ख) मध्यम ग) न्यून

२. विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको छ ?

क) हप्ताको १ पटक ख) कहिलेकाही ग) छैन

३. विद्‌यार्थीको कक्षा छोड्‌ने कारण के के होलान्‌ ?

क) आर्थिक कारण ख) पारिवारिक कारण ग) बसाइँसराई

४. विद्यालय व्यवस्थापन समितिको बैठक कसरी हुने गरेको छ ?

क) २ महिनाको १ पटक ख) आवश्यकता अनुसार ग) छैन

५. विद्यालयमा खेलकुदका सामग्रीको व्यवस्था कस्तो छ ?

क) पर्याप्त मात्रामा ख) सामान्य ग) छैन

६. शिक्षकको अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउनु भएको छ ?

...........................................................................................................

...........................................................................................................

७. विद्यालयलाई बालमैत्री बनाउन के कस्ता समस्या आएका छन्‌ ?

...........................................................................................................

...........................................................................................................

८. विद्यालयमा कुन कुन संघसंस्थाको सहयोग छ ?

...........................................................................................................

...........................................................................................................

९. विद्यार्थीलाई अनुशासनमा राख्न कस्तो उपाय अपनाउनु भएको छ ?

..........................................................................................................

..........................................................................................................

१०. विद्यालयमा खानेपानी तथा शौचालयको अवस्था कस्तो छ ?

..........................................................................................................

..........................................................................................................

११. शिक्षकलाई आवश्यक तालिमको व्यवस्था कसरी मिलाउनु भएको छ ?

..........................................................................................................

..........................................................................................................

१२. विद्यालयप्रति अभिभावकको सोच कस्तो छ ?

..........................................................................................................

..........................................................................................................

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-२

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग अन्तरर्वाता लिनका लागि तयार पारिएको प्रश्नावली

विद्यालयको नाम :

ठेगाना :

स्रोतकेन्द :

विद्यालय व्यवस्थापन समिति अध्यक्षको नाम :

१. विद्यालय व्यवस्थापन समितिको बैठक कति समयमा बस्छ ?

क) २ महिनामा १ पटक ख) आवश्यकता अनुसार ग) प्रत्येक महिना

२. अभिभावकलाई कसरी सक्रिय बनाउनु भएको छ ?

क) भेला ख) भेटघाट ग) घरदैलो कार्यक्रम

३. विद्यालयको सुधार गर्न के कस्ता समस्याको सामना गर्नुपरेको छ ?

..............................................................................................................

..............................................................................................................

४. विद्यालयको भौतिक अवस्था सुधार्न के के प्रयास गरिएको छ ?

..............................................................................................................

..............................................................................................................

५. शिक्षकको समस्या सुन्ने र समाधन गर्ने व्यवस्था के छ ?

..............................................................................................................

..............................................................................................................

६. विद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन के कस्ता कार्यक्रम सञ्चालन गरिएको छ ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

७. बालमैत्री कक्षा कोठाको व्यवस्थापन पक्ष कस्तो छ ?

.................................................................................................

.................................................................................................

.................................................................................................

८. अभिभावकबाट कस्तो सहयोग प्राप्त भएको छ ?

.................................................................................................

.................................................................................................

.................................................................................................

९. विद्यालय व्यवस्थापन समितिबाट कक्षाकोठाको निरीक्षण तथा अनुगमन कसरी मिलाइएको छ ?

.................................................................................................

.................................................................................................

.................................................................................................

१०. कक्षाकोठाको व्यवस्थापनको लागि के-कस्तो पहल गर्नु भएको छ ?

.................................................................................................

.................................................................................................

.................................................................................................

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-३

## शिक्षकसँग लिइने अन्तरर्वाताको लागि तयार पारिएको प्रश्नावली

विद्यालयको नाम :

ठेगाना :

स्रोतकेन्द्र :

शिक्षकको नाम :

१. कक्षामा विद्यार्थीको बसाई व्यवस्थापन कस्तो छ ?

(क) U आकारको (ख) V आकारको (ग) गोलो आकारको (घ) अन्य

२. कक्षामा शैक्षिक सामग्रीको व्यवस्था कस्तो छ ?

क) उच्च ख) मध्यम ग) न्यून

३. विद्यार्थीलाई कस्तो सजाय दिइन्छ ?

क) सकारात्मक ख) नकारात्मक ग) सजाय दिइदैन

४. अध्ययन गर्दा कुन विधि बढी प्रभावकारी मान्नुहुन्छ ?

क) प्रश्नोत्तर ख) छलफल ग) खेल घ) अन्य

५. कक्षामा विद्यार्थी नियन्त्रण कसरी गर्नुहुन्छ ?

क) समूह बनाएर ख) टोली नेता छानेर ग) क र ख दुबै

६. पुरस्कारको दिने व्यवस्था कस्तो छ ?

क) सधैं ख) समय समयमा ग) व्यवस्था छैन

७. विद्यालयमा भौतिक सुविधाको अवस्था कस्तो छ ?

..........................................................................................................

..........................................................................................................

८. बालमैत्री कक्षा सञ्चालनमा कस्तो समस्या सामना गर्नुपरेको छ ?

..........................................................................................................

..........................................................................................................

९. विद्यार्थीको शैक्षिक अवस्थाको जानकारी अभिभावकलाई कसरी दिने व्यवस्था छ ?

..........................................................................................................

..........................................................................................................

१०. स्रोत व्यक्ति र विद्यालय निरीक्षकबाट कक्षाकोठाको अवलोकन कसरी हुने गरेको छ ?

..........................................................................................................

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-४

## विद्यार्थीसँग लिइने अन्तरर्वाताको लागि तयार पारिएको प्रश्नावली

विद्यार्थीको नाम :

विद्यालय :

ठेगाना :

१. तिम्रो कक्षामा शैक्षिक सामग्रीको व्यवस्था कस्तो छ ?

क) उच्च ख) मध्यम ग) सामान्य

२. शिक्षक कक्षामा नभएको बेला के गर्छौ ?

क) पढ्छौं ख) हल्ला गर्छौं ग) खेल्छौं

३. शिक्षकले कक्षामा खेल खेलाउनु हुन्छ ?

क) कहिलेकाही खेलाउनुहुन्छ ख) खेलाउनु हुन्न ग) हप्तामा १ पटक

४. शिक्षकले के के सजाय दिनुहुन्छ ?

क) सकारात्मक ख) नकारात्मक ग) सजाय दिनुहुन्न

५. शिक्षकले गृहकार्य दिनुहुन्छ ?

क) दिनुहुन्छ ख) दिनुहुन्न

६. तिमीलाई विद्यालयमा आउन मन लाग्छ ?

....................................................................................................

....................................................................................................

७. तिम्रो विद्यालयमा खेल सामग्रीहरू पर्याप्त छन् ?

....................................................................................................

....................................................................................................

८. साथीहरू बीचको सम्बन्ध कस्तो छ ?

....................................................................................................

....................................................................................................

९. विद्यालयप्रति तिम्रो केही भनाई छ ?

....................................................................................................

....................................................................................................

....................................................................................................

१०. शिक्षकले पुरस्कार कुन-कुन अवस्थामा दिनुहुन्छ ?

....................................................................................................

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-५

## कक्षा अवलोकन फारम

| क्र.सं. | विवरण | अवस्था | | |
|---|---|---|---|---|
| १ | कक्षा कोठाको व्यवस्थापन | उत्तम | मध्यम | न्यून |
| २ | विद्यार्थीले पढाइमा ध्यानाकर्षण | गरेको | नगरेको | |
| ३ | पाठको शुरुवात | पुनरावलोकनबाट | कथा, कविता, चुटकिलाबाट | अन्य |
| ४ | शैक्षिक सामग्रीको प्रयोग | उत्तम | मध्यम | न्यून |
| ५ | कक्षा कार्य | दिइएको | नदिएको | |
| ६ | गृह कार्य | दिइएको | नदिएको | |
| ७ | विद्यार्थीलाई पृष्ठपोषण | दिइएको | नदिएको | |
| ८ | खेलकुदका सामग्रीको अवस्था | उत्तम | मध्यम | न्यून |
| ९ | खानेपानीको व्यवस्था | उत्तम | मध्यम | न्यून |
| १० | शौचालयको व्यवस्था | उत्तम | मध्यम | न्यून |
| ११ | विद्यार्थीको बसाईंको अवस्था | U आकारमा | V आकारमा | गोलाकार |
| १२ | कक्षामा विद्यार्थी नियन्त्रण | गरेको | नगरेको | |

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-६

## बालमैत्री कक्षा व्यवस्थापन सम्बन्धमा शिक्षकबाट प्राप्त उत्तरहरू

| क.सं. | प्रश्न | बालमैत्री कक्षा सञ्चालन भएका विद्यालय |
|---|---|---|
| १ | विद्यार्थीको बसाई व्यवस्थापन | (क) कार्पेटमा U आकारमा - २<br>(ख) कार्पेटमा गोलाकारमा - २<br>(ग) उमेर अनुसार U आकारको डेक्सवेन्च-१ |
| २ | कक्षाकोठामा अध्ययन सामग्रीको व्यवस्थापन | (क) पाठ्यपुस्तक वितरण-५<br>(ख) भित्ते लेखन र शैक्षिक सामग्रीहरू-५<br>(ग) विद्यार्थीले बनाएका चित्रहरू-५ |
| ३ | भौतिक सुविधाको अवस्था | (क) खानेपानी र चर्पीको अभाव-१<br>(ख) खानेपानी र चर्पीको व्यवसथा-४<br>(ग) डेक्सवेन्चको व्यवस्था-५ |
| ४ | शिक्षक विद्यार्थी बीचको सम्बन्ध | (क) सबैमा राम्रो छ |
| ५ | शैक्षिक सामग्रीको व्यवस्था | (क) बालमैत्री कार्यक्रमबाट प्राप्त भएको-५<br>(ख) स्थानीय क्षेत्रमा प्राप्त सामग्री-५<br>(ग) विद्यालयको स्रोतबाट-५ |
| ६. | अभिभावकलाई सक्रिय बनाउने उपाय | (क) आमा भेला, भेटघाट, घरदैलो, अन्तरक्रिया |
| ७ | खेलकुदका सामग्री | (क) व्यवस्थापन राम्रो छ -५ |

*स्रोत : अन्तर्वार्ता प्रश्नावली २०७२*

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-७

## बालमैत्री कक्षा सञ्चालन भएका विद्यालयको कक्षा अवलोकनबाट प्राप्त उत्तरहरू

| क.सं. | बालमैत्री कक्षा सञ्चालन भएका विद्यालयमा प्रयोग गरिएका क्रियाकलापहरू | |
|---|---|---|
| | प्रश्न | उत्तर |
| १ | शिक्षण विधि कुन अपनाउनु हुन्छ ? | प्रश्नोत्तर, छलफल, खेल विधि |
| २ | विद्यार्थी नियन्त्रण विधि ? | कक्षामा समूहमा विभाजन गर्ने, समूह नेता बनाउने । |
| ३ | पुरस्कारको व्यवस्था ? | (क) गृहकार्य गर्नेलाई<br>(ख) दैनिक हाजिरी हेरेर<br>(ग) सफासुग्घर<br>(घ) अतिरिक्त क्रियाकलाप<br>(ङ) विद्यालयको कार्यक्रममा सक्रिय भूमिका निभाउने<br>(च) अनुशासनमा |
| ४ | पाठको सुरुवात कसरी गरिन्छ ? | (क) दैनिक पाठयोजनाद्वारा<br>(ख) कथा, कविता, गीत, चुटकिला सुनाएर, नाचेर<br>(ग) पुनरावलोकनबाट |
| ५ | शैक्षिक सामग्रीको प्रयोग गरिन्छ कि गरिदैन ? | पाठ अनुसार पर्याप्त मात्रामा गरिन्छ । |
| ६ | कक्षामा खेलकुदका सामग्री छन् ? | पर्याप्त मात्रामा छन् । |

*स्रोत : अन्तर्वार्ता तथा अवलोकन २०७२*

## अनुसूची-८

## विद्यार्थीबाट प्राप्त उत्तरको सारांश

| क.सं. | प्रश्न | उत्तर | उत्तरदातको संख्या |
|---|---|---|---|
| १ | शिक्षक कक्षामा के कस्ता खेल खेलाउनुहुन्छ ? | मुसो बिरालो, रुमाल लुकाई, खेलौनाद्वारा, तातो आलु, बल | २० |
| २ | शिक्षक कक्षामा नभएको बेला के गर्छौ ? | (क) कोही बाहिर जाने, कोही कक्षामा हल्ला गर्ने ।<br>ख) कोठामा कोही पढ्ने कोही खेल्ने ।<br>(ग) कक्षामा पढेर बस्ने | ५<br>५<br>१० |
| ३ | सबै शिक्षकले नियमित गृहकार्य दिनुहुन्छ ? | (क) धेरै जसो दिनुहुन्छ ।<br>(ख) सधै सबैले दिनुहुन्छ । | ८<br>१२ |
| ४ | शिक्षकले के के सजाय दिनुहुन्छ ? | (क) उठवस कान समातेर<br>(ख) पिट्ने<br>(ग) सजाय नदिने | १०<br>५<br>५ |
| ५. | कतिबेला शिक्षकले पुरस्कार दिनुहुन्छ ? | (क) गृहकार्य, कक्षाकार्य, अनुशासनको पालना गर्दा, सफा सुग्घर आउँदा, अतिरिक्त क्रियाकलापमा राम्ररी पढ्दा भनेको मान्दा | २० |
| ६. | तिमी सधैं स्कुल आउँछौ | आउँछु | २० |
| ७. | स्कुल आउन मन लाग्छ कि लाग्दैन ? | लाग्छ | २० |
| ८. | शिक्षकसँग डर लाग्छ कि लाग्दैन ? | (क) लाग्छ<br>(ख) लाग्दैन | ५<br>१५ |
| ९. | शिक्षकले बालमैत्री व्यवहार गर्नुहुन्छ कि गर्नुहुन्न ? | (क) कुनै शिक्षकले गर्नुहुन्छ ।<br>(ख) कुनै शिक्षकले गर्नुहुन्न ।<br>(ग) सबैले गर्नुहुन्छ । | ५<br>५<br>१० |
| १०. | शिक्षकले कक्षामा शैक्षिक सामग्रीको प्रयाप्त मात्रामा प्रयोग गर्नुहुन्छ ? | सबै शिक्षकले गर्नुहुन्छ । | २० |

*स्रोत : कक्षा अवलोकन तथा प्रश्नोत्तर २०७२*

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-९

## प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको उत्तरको सारांश

| क्र.सं. | भनाई | उत्तरदाताको संख्या | |
|---|---|---|---|
| | | प्र.अ. | वि.व्य.स. |
| १ | जिल्ला शिक्षा कार्यालयममा भवन माग गरी पठाउने तथा प्रतिनिधि मण्डल जाने | ५ | ५ |
| २ | स्थानीय निर्माण सामग्री तथा श्रमदान जुटाउने | ५ | ५ |
| ३ | समयानुकुल विद्यालयको अनुगमन तथा निरीक्षण गर्ने | ५ | ५ |
| ४ | भवन निर्माण, फर्निचर निर्माण, तारबार, पर्खाल तथा घेराबारा बनाउने निर्णय गर्ने | ५ | ५ |
| ५ | निजी स्रोतमा शिक्षक नियुक्ति गरी पारिश्रमिक तोक्ने | ५ | ५ |
| ६ | विद्यालयको जग्गा, व्यापारिक भवन, पोखरी, ठेक्का दिई आय स्रोत जुटाउने | ४ | ३ |
| ७ | कक्षा व्यवस्थापनमा शिक्षकलाई सल्लाह सुझाव दिई सक्रिय बनाउने | ५ | - |
| ८ | आवश्यक शैक्षिक सामग्री जुटाउने | ५ | - |
| ९ | दातृ निकायसँग सम्पर्क समन्वय गर्ने | ५ | ५ |
| १० | समय समयमा वैठक बसी आवश्यक निर्णय गर्ने | ५ | ५ |
| ११ | अभिभावक भेला गराई अभिभावक दिवस मनाउने | ५ | ५ |
| १२ | अन्य नमूना विद्यालयको भ्रमण तथा अवलोकन गर्ने | ५ | ३ |

*स्रोत : अन्तर्वार्ता तथा प्रश्नावली २०७२*

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-१०

## बालमैत्री कक्षा व्यवस्थापनमा चुनौती

१. अभिभावकमा शिक्षा तथा चेतनाको कमी,

२. विद्यालयमा अभिभावक भेला बोलाउँदा उपस्थिति न्यून हुनु,

३. आफ्नो बालबालिकाको पठनपाठनमा कम चासो,

४. विषयगत दक्ष शिक्षकको अभाव,

५. विद्यालयमा आवश्यक शिक्षकको अभाव,

६. शिक्षकलाई तालिमको अभाव,

७. तालिम प्राप्त शिक्षकको कार्यान्वयनमा कमी,

८. विद्यार्थी मध्यान्तरमा भाग्ने प्रवृत्ति,

९. विद्यार्थी विद्यालयमा नियमित नआउनु,

१०.विद्यार्थीले विद्यालयमा आउँदा सफासुग्घर भई, पोशाक, किताब, कापी, पेन्सिल बोकी व्यवस्थित भएर नआउनु,

११. गृहकार्य नगर्नु,

१२. दण्डरहित प्रणालीलाई व्यवहारमा प्रयोग गर्न गाह्रो हुनु,

१३. विद्यालयको आर्थिक स्रोतको अभाव,

१४. अभिभावकले विद्यालयमा चन्दा दिन नसक्नु,

१५. शैक्षिक सामग्रीको कमी,

१६. वार्षिक कठिनाई,

१७. विद्यार्थीले जानेका कुरा बोल्नु नसक्नु,

१८. आफ्नो प्रतिभा प्रस्फुटन गर्न नसक्नु,

१९. निरन्तर अनुगमन र निरीक्षणको अभाव,

२०. कक्षाकोठाको वातावरण उपयुक्त नहुनु,

२१. स्वस्थ खानेपानी र शौचालयमा सरसफाईको कमी ।

# सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

## अनुसूची-११

## छनौटमा परेका विद्यालयहरू

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | स्रोतकेन्द्र |
|---|---|---|---|
| १ | श्री हरि नि.मा.वि. | मे.न.पा. ४ | काँकरभिट्टा |
| २ | श्री कवि शिरोमणि उ.मा.वि. | मे.न.पा. ५ | काँकरभिट्टा |
| ३ | श्री बालसुवोधिनी नि.मा.वि. | दुहागडी-७ | काँकरभिट्टा |
| ४ | श्री पवित्रा नि.मा.वि. | बाहुण्डाँगी-९ | बाहुण्डाँगी |
| ५ | श्री कृष्ण नि.मा.वि. | बाहुण्डाँगी-६ | बाहुण्डाँगी |